**विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिमका कृषि विधेयक, २०८१ सम्वद्ध विवरणहरु सर्वसाधारणको रायको प्रकाशन सम्बन्धमा**

**प्रकाशन मितिः२०८२/०२/०७**

**(क) कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको कारणः**

- कृषि उत्पादनका साधन, उत्पादन सामग्री र बजारमा किसानहरुको न्यून पँहुच; किसान र कृषि पेशालाई सम्मानित र मर्यादित ढङ्गबाट नहेरिने सामाजिक व्यवस्थाका कारण यूवाहरु कृषि पेशामा आकर्षित नहुनु; अन्य व्यवसायको तुलनामा कृषि व्यवसाय उच्च जोखिम, थोरै मुनाफा र कम प्रतिस्पर्धी हुनु; ग्रामिण क्षेत्रमा कृषियोग्य बाँझो जग्गा वढ्दै जानू; देशभर रहेका कृषि बजारहरु सञ्चालन तथा व्यवस्थापनमा कानूनी अभाव देखिनु; आधारभूत खाद्यान्नमा समेत परनिर्भरता बढ्दैजानु; रैथाने बालीनाली तथा पशुपन्छीको लोपहुने क्रम दिनानुदिन बढ्दैजानु आदि जस्ता कृषि विकासका समसामयिक समस्याहरुलाई सम्बोधन गर्दै कृषिलाई सम्मानजनक, आकर्षक एवं प्रतिस्पर्धी पेशाको रुपमा रुपान्तरण, व्यवसायीकरण र आधुनिकीकरण गरी राष्ट्रिय खाद्य तथा पोषण सुरक्षा, जैविक सुरक्षा र किसानहरुको जिविकोपार्जन सुनिश्चित गर्न, कृषि बजार सञ्चालन व्यवस्थापन र नियमनको कानूनी आधार तयार गर्न, किसान, कृषि उद्यमी तथा कृषि व्यवसायीलाई प्रवाह गरिने अनुदान, सेवा, सुविधा तथा सहुलियत व्यवस्थित र नियमन गर्न अत्यावश्यक देखिएकोले कृषि विधेयक, २०८१ तर्जुमा गर्नु परेको हो ।

**(ख) विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः**

कृषि विधेयक, २०८१ मा रहेका विभिन्न व्यवस्थाहरुबाट नेपालको संविधानले निर्दिष्ट गरेका देहायबमोजिका मौलिक हक कार्यान्वयन गर्न प्रत्यक्ष सहयोग पुग्ने देखिन्छः

१. नेपालको संविधानको धारा ३६ बमोजिम प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक, खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक र कानून बमोजिम खाद्य सम्प्रभुताको हकको कार्यान्वयन गर्न;

२. संविधानको धारा ४४ बमोजिम प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक कार्यान्वयन गर्न;

३. संविधानको धारा ४२ सामाजिक न्यायको हक अन्तरगत प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक कार्यान्वयन गर्न;

४. संविधानको धारा १७ स्वतन्त्रताको हक अन्तर्गत नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता हक कार्यान्वयन गर्न;

५. संविधानको धारा ३० बमोजिम प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक कार्यान्वयन गर्न ।

**(ग) विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः**

- कृषि विधेयक, २०८१ का दफा ३,४,५,७,१०,११,१२,१८,१९,२४,२५,२६,२७,३१,३४, ३६,३७,३९,४२ कृषि उत्पादन वृद्धि एवम् कृषि व्यवसाय प्रवर्द्धनसँग सम्बन्धित भएको हुँदा यसले नेपालको संविधानको धारा ३६(१),(२),(३) र धारा ५१(२),(३),(४),(५) को समग्र व्यवस्था कार्यान्वयन गर्दै कृषिको व्यवसायीकरण आधुनिकीकरण गरी देशको समग्र आर्थिक विकास र खाद्य पोषण सुरक्षा गर्ने तर्फ नै मुल रुपमा लक्षित रहेको छ ।
- कृषि विधेयक, २०८१ को दफा १८ को उपदफा (२) मा नेपाल सरकारले आवश्यकता अनुसार बाली लगाउनु पुर्व प्रमुख कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य वा कृषक बिक्री मुल्य तोक्न सक्नेछ भनिएकाले राज्यको आवश्यकता र क्षमतालाई विश्लेषण गरेर मात्र कृषिजन्य बाली वस्तुको न्यूनतम समर्थन मूल्य तोकिने हुँदा एकैपटक सरकारलाई दीर्घकालिन आर्थिक दायित्व सृजना हुने देखिदैन। साथै मुलुकको खाद्य पोषण सुरक्षा र व्यापार सन्तुलनका दृष्टिकोणले महत्वपूर्ण देखिएका रणनीतिक महत्वका प्रमुख कृषि जन्य बाली वस्तुको न्यूनतम समर्थन मूल्य तोकि स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्ने व्यवस्थाबाट देशको आर्थिक तथा वित्तीय क्षेत्रमा सकरात्मक प्रभाव पर्ने देखिन्छ ।
- कृषि विधेयक, २०८१ को दफा ४२ बमोजिम संघ, प्रदेश र स्थानीय तहले अनुदान, सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्ने भनिएकाले राज्यको आवश्यकता, राष्ट्रिय प्राथमिकता, स्थानीय संभाव्यता र क्षमतालाई समेत विश्लेषण गरेर मात्र कृषिजन्य वाली वस्तुहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि एवं कृषि व्यवसाय प्रवर्द्धनका लागि अनुदान, सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराईने हुँदा एकैपटक सरकारलाई ठूलो आर्थिक दायित्व सृजना हुने देखिदैन। साथै यस व्यवस्थाको कारण कृषि उत्पादन वृद्धि हुने, किसानहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुने र थप यूवाहरु कृषि पेशामा आकर्षित भई समग्र ग्रामिण अर्थतन्त्र चलायमान हुनसक्ने देखिन्छ ।

**(घ) विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः**

कृषि विधेयक, २०८१ मा भएका विभिन्न व्यवस्थाहरुको कार्यान्वयनबाट नागरीकहरुको खाद्य तथा पोषण सुरक्षामा सुधार, गरिबी न्यूनीकरण, कृषि विकास प्रणालीको सबलीकरण, वर्षभरि नै सिंचाईको सुविधाको विस्तार, बीउ विजन र मलखादको वितरणमा सुधार, ग्रामीण कृषि पूर्वाधार हरुको विस्तार, कृषिको आधुनिकीकरण र व्यवसायीकरण, कृषि भूमि र जैविक विविधताको संरक्षण र कृषि क्षेत्रमा देखिने रोग तथा कीट जन्य माहामारी नियन्त्रण एवं विपद् जोखिम न्यूनीकरण तथा रोकथामका क्षेत्रमा

प्रत्यक्ष रुपमा योगदान हुन्छ। यस्ता कार्यक्रम एवं क्रियाकलापहरुबाट दिगो विकासका देहायबमोजिमका लक्ष्यहरु हाँसिल गर्न सहयोग पुग्ने देखिन्छः

१. **दिगो विकास लक्ष्य १** सबै ठाउबाट सबै स्वरूपका गरिबीको अन्त्य
२. **दिगो विकास लक्ष्य २** भोकमरीको अन्त्य, खाद्य सुरक्षा र सुधारिएको पोषण हासिल र दिगो कृषिको प्रवर्द्धन
३. **दिगो विकास लक्ष्य ८** भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने,
४. **दिगो विकास लक्ष्य ९** उत्थानशील पूर्वाधारको निर्माण, दिगो र समावेशी औद्योगीकरणको प्रवर्द्धन र नविन खोजको प्रोत्साहन गर्ने
५. **दिगो विकास लक्ष्य १२** दिगो उपभोग र उत्पादन ढाँचा सुनिश्चित गर्ने
६. **दिगो विकास लक्ष्य १३** जलवायु परिवर्तन र यसको असर नियन्त्रण गर्न तत्काल कदम चाल्ने
७. **दिगो विकास लक्ष्य १५** स्थलीय पारिस्थिक प्रणालीको संरक्षण, पुर्नस्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरूभूमीकरण र भू—क्षया रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने

**(ङ) विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः**

- कृषि विधेयक, २०८१ को दफा ४५ मा दोहोरो पर्ने गरी अनुदान, सेवा, सुविधा तथा सहुलियत लिन वा दिन नहुने; दफा ४६ मा कृषि उपज वस्तु र पदार्थको ढुवानीमा दोहोरो पर्ने गरी सङ्घ, प्रदेश र स्थनीय तहबाट दोहोरो कर लगाउन नपाउने; दफा ४७ मा कसूर गरेको मानिने; दफा ४८ मा कसूर बमोजिम सजाय सम्बन्धी व्यवस्था; दफा ४९ मा मुद्दाको अनुसन्धान र तहकिकात गर्ने; दफा ५० मा पुनरावेदन सम्बन्धी व्यवस्था र दफा ५१ मा प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने जस्ता व्यवस्थाहरु राखिएकोले यसबाट सुशासन प्रवर्द्धनमा सकरात्मक प्रभाव पर्ने देखिन्छ ।

**(च) विधेयकको व्यवस्थाबाट जलवायू अनुकूलनमा पुग्ने सहयोगः**

कृषि विधेयक, २०८१ को दफा ६ अन्तर्गत भएका देहाय बमोजिमका व्यवस्थाहरुबाट जलवायू अनुकूलनमा प्रत्यक्ष सहयोग पुग्ने देखिन्छः

१. संघ, प्रदेश र स्थानीय तहले कृषि जैविक विविधताको संरक्षण गर्नु पर्ने बालीनाली, पशुपन्छी, मत्स्य, मौरी, च्याउ तथा खेती
२. गरीने जडिबुटीको बीउ बिजन, नश्लको दीर्घकालीन संरक्षण र उपयोगको लागि मन्त्रालयले जिन वैंकको स्थापना र सञ्चालन गर्नु पर्नेछ।

३. किसान, कृषक समूह तथा कृषि सहकारी र समुदायमा आधारित संघ/संस्थाले स्थानीय स्तरमा सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन गर्न सक्ने ।

४. नेपाल सरकारले रैथाने बालीनाली, पशुपन्छी, मत्स्य, मौरी, च्याउ तथा जडीबुटीको बीउ बिजन, नश्ल र सो सम्वन्धि परम्परागत ज्ञान एवम् प्रथाजनित अभ्यासको पहिचान र सूचीकरण गरी अभिलेख राख्नेछ।

५. कृषि जैविक विविधता संरक्षण, कृषि पारिस्थितिक प्रणालीमा सुधार, जलवायु परिवर्तनको असर न्यूनिकरण, खाद्य सम्प्रभुताको प्रचलनको लागि पर्यावरणीय कृषि पद्धतिको अवलम्वनलाई संघ, प्रदेश र स्थानीय तहहरुले आवश्यक प्रवर्द्धनात्मक र नियमनका कार्य गर्न सक्नेछन्।

**(छ) अन्य आवश्यक विषयः**

कृषि विधेयक, २०८१ को दफा ३ मा किसान हक, हित, कृषि पेशा र व्यवसायको संरक्षण तथा सम्वर्द्धन गर्नुपर्ने; दफा ४ मा किसानको वर्गीकरण गर्नुपर्ने; दफा १८ मा कृषि उत्पादनको मूल्य तोक्न सक्ने; दफा १९ मा कृषि बजारको स्थापना तथा सञ्चालन गर्न सक्ने; दफा ३१ मा मलको उत्पादन, आपूर्ति तथा नियमन; दफा ३४ मा गुणस्तरीय बीउ बिजन/नश्लको उपलब्धता; दफा ६३ मा सुरक्षा प्रयोजनका लागि ढुवानीका साधन चेक जाँच गर्दा नाशवान प्रकृतिका कृषि उत्पादन र कृषि सामग्रीको ढुवानी गर्ने सवारी साधनलाई प्राथमिकता दिनु पर्ने; दफा ६३ मा कसैले पनि कृषिजन्य उत्पादन र बजार लाई प्रभाव पार्ने मनसायले कृषि उत्पादन सार्वजनिक स्थानमा फाल्ने, नष्टगर्ने लगायतका कार्य गर्न गराउन नहुने आदि जस्ता कृषि क्षेत्रका समसामिक र अत्यावश्यक विषयहरु संलग्न गरी यस विधेयकलाई किसान र कृषि व्यवसाय मैत्री बनाउने प्रयास गरिएको छ ।

**(नोटः- यस ऐनसंग सम्वन्धित थप राय/सुझाव भए कृषि तथा पशुपन्छी विकास मन्त्रालयको इमेल ठेगाना info@moald.gov.np वा मन्त्रालयमा लिखित रुपमै उपलब्ध गराइदिनु हुन समेत अनुरोध छ ।)**

# कृषि विधेयक, २०८१

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ ।

# कृषि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१

**प्रस्तावनाः** कृषि उत्पादनका साधन, उत्पादन सामग्री र बजारमा न्यायोचित पहुंच अभिबृद्धि एवं उपलब्ध अवसरहरुको समुचित उपयोग गर्दै कृषिलाई सम्मानजनक, आकर्षक एवं प्रतिस्पर्धी पेशाको रुपमा रुपान्तरण मार्फत आधुनिकीकरण गरि राष्ट्रिय खाद्य तथा पोषण सुरक्षा, जैविक सुरक्षा र कृषकहरुको जिविकोपार्जन सुनिश्चित गर्न, किसान, कृषि उद्यमी तथा कृषि व्यवसायीलाई प्रवाह गरिने अनुदान, सेवा, सुविधा तथा सहुलियत व्यवस्थित र नियमन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, प्रारम्भः** (१) यस ऐनको नाम "कृषि ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको ९१औं दिन देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुसन्धान अधिकारी" भन्नाले यस ऐन बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको तहकिकात तथा दायरी सम्बन्धमा दफा ४७ बमोजिम तोकिएको अधिकारी सम्झनु पर्छ र सो शब्दले त्यस्तै प्रकृतिका मुद्दाको अनुसन्धान तथा तहकिकात गर्नको लागि प्रचलित कानून बमोजिम तोकिएको अधिकारीलाई समेत जनाउँछ।

(ख) "उत्पादक" भन्नाले बालीनाली, पशुपन्छी, मत्स्य, मौरी, रेशम, च्याउ, लाहा किरा, खेती गरिएको पुष्प, आलङ्कारिक बिरुवा, जडबुटि, गैरकाष्ठ वनपैदावार जन्य उपज, वस्तु, पदार्थ, बीउ, नश्ल मित्रजीवहरुको उत्पादन तथा उल्लेखीत वस्तुहरुको सङ्कलन, प्राथामिक प्रशोधन, मूमूल्य अभिवृद्धि गर्ने किसान, उद्यमी, कम्पनी, फर्म, कृषक समूह, कृषि सहकारी वा कृषि व्यवसायमा संलग्न व्यक्ति वा संस्थालाई सम्झनु पर्छ।

(ग) "किसान" भन्नाले कृषिलाई पेशा बनाई आफ्नो जिविकोपार्जन तथा व्यवसाय गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो व्यक्तिमा आश्रित परिवारका सदस्य समेतलाई जनाउँछ ।

(घ) "कृषि" भन्नाले बालीनाली, च्याउ, मौरी, रेशम, लाहा, पशुपन्छी, मत्स्य, जलीय जीव, जलीय वनस्पती तथा मत्स्य जन्य उपज, वस्तु, पदार्थ, पशुपन्छी आहारा, उत्पादन गर्ने कार्य र सम्वन्धित प्रणालीलाई जनाउँछ। सो शब्दले बीउ, नश्ल, खेती गरिएको गैरकाष्ठ वन पैदावार र जडिबुटी समेतलाई जनाउँनेछ ।

(ङ) "कृषि उत्पादन" भन्नाले उत्पादकले उत्पादन वा संकलन गरेको बालीनाली, वागवानी, च्याउ, मौरी, रेशम, पशुआहारा, पशुपन्छी, मत्स्य, खेती गरिएको गैरकाष्ठ बन पैदावार र जडिबुटी, कृषि वन प्रणालीबाट उत्पादीत वन पैदावार, र सो सँग सम्वन्धित अप्रशोधित र अर्धप्रशोधित वस्तु, पदार्थ, विउ, नश्ल समेतलाई सम्झनु पर्छ।

(च) "कृषि उद्यमी" भन्नाले कृषि वा कृषि सामग्रीको उत्पादन, प्रशोधन, अर्धप्रशोधन, तयारी, प्याकेजिङ्ग, भण्डारण, ढुवानी, बजारीकरण, वितरणसँग सम्वन्धित व्यवसाय गर्ने व्यक्ति, सहकारी, समूह, संस्था, कम्पनी सम्झनु पर्छ ।

(छ) "कृषि प्रसार सेवा" भन्नाले अध्ययन परीक्षण तथा अनुसन्धानबाट प्राप्त प्रविधिलाई किसान माझ पुर्याउन र किसानका समस्या अनुसन्धानकर्ता सम्म पुर्याउन किसानलाई आवश्यक प्राविधिक सेवा प्रदान गर्न स्थापना गरिएको कृषि प्रसार शिक्षा पद्दति सम्झनु पर्छ।

(ज) "कृषि व्यवसाय" भन्नाले कृषि सामग्री उत्पादन, कृषि उत्पादन, कृषि उपज, वस्तु, पदार्थको सङ्कलन, प्रशोधन, बजारीकरण एवम् सोसँग सम्बन्धित सेवा, आयात निर्यात व्यवसाय समेतलाई सम्झनु पर्छ ।

(झ) "कृषि व्यवसायी" भन्नाले कृषि व्यवसाय सञ्चालन गर्ने व्यक्ति,फर्म, कम्पनी, सहकारी, किसान समूह तथा संस्था सम्झनु पर्छ ।

(ञ) "कृषि बजार" भन्नाले कृषि उत्पादन सामग्री, कृषि उत्पादन □□□ सो को संकलन, स्तरीकरण, भण्डारण, प्रारम्भिक प्रशोधन, प्याकेजिङ्ग कार्य सञ्चालन तथा सेवा बिक्री वितरण गर्न स्थापित हाट बजार, थोक बजार, खुद्रा बजार, संकलन केन्द्र, विद्युतीय बजार तथा कृषि उपज विशेषका बजार सम्झनु पर्छ ।

(ट) "कृषि सामग्री" भन्नाले कृषि उत्पादनका लागि आवश्यक हुने श्रोत, साधन वा उपकरण सम्झनु पर्छ र सो शब्दले कृषि उत्पादनका लागि आवश्यक पर्ने बीउ, बेर्ना, नश्ल, भूरा, बीज, सिमेन, भ्रुण, हर्मोन, मशरूम सब्सट्रेट, रासायनिक मल, प्राङ्गारिक मल, सूक्ष्मतत्वयुक्त मल, जैविक मल, दाना पदार्थ, औषधी, विषादी, बायोकन्ट्रोल एजेण्ट, पोषण सामग्री, फिड सप्लिमेन्ट, कृषि यन्त्र, औजार, मेशिन तथा भौतिक संरचना र उत्पादनमा प्रयोग हुने रसायनिक पदार्थ समेतलाई सम्झनु पर्छ ।

(ठ) "चक्लाबन्दी खेती" भन्नाले निश्चित क्षेत्रफलमा मापदण्ड अनुसार स-साना जग्गालाई एकिकृत गरी अथवा बालीको चक्लाबन्दी गरी गरीने खेती सम्झनु पर्छ ।

(ड) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ढ) "नासवान कृषि उत्पादन" भन्नाले छोटो समयमा उपभोग अयोग्य हुने कृषि उपज, पदार्थ र वस्तु सम्झनु पर्छ ।

(ण) "निर्देशक समिति" भन्नाले ऐनको दफा १४ बमोजिमको कृषि व्यवसाय प्रवर्द्धन निर्देशक समिति सम्झनु पर्छ।

(त) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकाससम्बन्धी विषय/क्षेत्र हेर्ने सङ्घीय मन्त्रालय सम्झनु पर्छ ।

(थ) “मल” भन्नाले बिरूवाको लागि खाद्य तत्व उपलब्ध गराउन प्रयोग गरिने रासायनिक वा प्राङ्गारिक वा सूक्ष्मतत्वयूक्त वा समिश्रित मल वा जीवाणुजन्य पदार्थ सम्झनु पर्छ।

(द) "मापदण्ड" भन्नाले किसान वा व्यवसायीले उत्पादन गर्ने उत्पादन सामग्री, उपज, वस्तु. पदार्थ, सेवाको लागि मन्त्रालयले तोकेको गतिविधि स्तर सम्झनु पर्छ र सो शब्दले कृषि व्यवसाय स्थापना तथा सञ्चालनका आधार र प्रक्रिया समेतलाई जनाउँछ।

(ध) "रैथाने" भन्नाले कुनै भौगोलिक स्थान विशेषमा प्राकृतिक रुपमा रहेको वा उक्त स्थानका किसानले परम्परागत रुपमा उत्पादन गर्दै आएको बाली, पशुपन्छी, मत्स्य वा अन्य कुनै कृषि उपज, वस्तु, पदार्थ र सोसँग सम्बन्धित गतिवधि, ज्ञान र सीप सम्झनु पर्छ ।

(न) "व्यावसायिक कृषि करार" भन्नाले कृषि व्यवसायको मूल्य श्रृङ्खलाका विभिन्न चरणमा संलग्न दुई वा दुईभन्दा बढी पक्षबीच व्यवसायका सम्बन्धमा प्रचलित कानून बमोजिम गरिएको लिखित करारनामा सम्झनु पर्छ र सो शब्दले व्यवसाय सञ्चालनको प्रयोजनको लागि करारमा लिईने जमिन, भौतिक पूर्वाधार, मेशिनरी, औजार उपकरण, फलफूल बगैचा, प्राकृतिक वा कृत्रिम ताल तलैया, चरन/खर्कका सम्बन्धमा भएको लिखित करार समेतलाई जनाउँछ ।

(ऩ) "सामुहिक कृषि" भन्नाले सामुहिक रुपमा खेती गरि कृषि उत्पादन गर्ने वा कुनै समूह सहकारीमा आवद्ध भई उत्पादन गर्ने प्रणाली सम्झनु पर्छ ।

(प) "स्रोत केन्द्र" भन्नाले मन्त्रालयले तोकेको मापदण्ड बमोजिम कृषि उत्पादन वा पुनरोत्पादनमा प्रयोग गरिने कृषि सामग्री तथा सेवा प्रदान गर्न कानूनी मान्यता प्राप्त संस्था वा निकाय सम्झनु पर्छ र सो शव्दले मन्त्रालय अन्तरगतका सरकारी स्रोत केन्द्र समेतलाई जनाउँछ ।

(फ) "स्रोत सामग्री तथा सेवा" भन्नाले श्रोत केन्द्रले उत्पादन गरेको स्रोत सामग्री तथा सेवा सम्झनु पर्छ र सो शव्दले कृषि, पशुपन्छी, तथा मत्स्य प्राविधिक मार्फत प्रदान गरिने विज्ञ सेवा समेतलाई जनाउँछ ।

(ब) "सेवा प्रदायक" भन्नाले किसान वा व्यवसायीलाई व्यवसायको प्रविधि, स्थापना, सञ्चालन, मापदण्ड कार्यान्वयन र नियमनका लागि सेवा प्रदान गर्न कानूनी मान्यता प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(भ) "संकेत-पत्र" भन्नाले सार्वजनिक जानकारी तथा बिक्री प्रवर्द्धन गर्ने उद्देश्यले लेखिएको वा प्रिन्ट गरी वस्तुमा लगाइएको छाप वा विवरण सम्झनु पर्छ ।

(म) "कृषि पूर्वाधार" भन्नाले कृषिसँग सम्बन्धित भौतिक पूर्वाधारहरु जस्तैः कृषि सडक, कृषि उपज संकलन केन्द्र, कृषि बजार पूर्वाधार, प्रशोधन उद्योग, बीउ भण्डारण घर, शित भण्डार, खाद्य गोदाम घर, सिंचाई पूर्वाधार, कृषि यान्त्रीकरण पूर्वाधार, सूचना प्रविधि सम्बन्धी पूर्वाधार आदिलाई सम्झनु पर्छ ।

## परिच्छेद -२

## किसान हक, हित संरक्षण तथा सम्वर्द्धन सम्बन्धी व्यवस्था

**३. किसान हक, हित, कृषि पेशा र व्यवसायको संरक्षण तथा सम्वर्द्धन गर्नुपर्नेः** (१) सङ्घ, प्रदेश र स्थानीय तहले जल, कृषि योग्य जमिन, किसान र कृषि पेशा र व्यवसायको संरक्षण □□□□□ □□□□□□ ।

(२) कृषि योग्य निजी वा संस्थागत बाँझो जग्गाको कृषि उत्पादन प्रयोजनमा उपयोग गर्न प्रदेश र स्थानीय तहले आवश्यक व्यवस्था □□□□□ □□□□□□ ।

(३) संघ, प्रदेश र स्थानीय तहले उपदफा (१) र (२) बमोजिमको व्यवस्था गर्न अनुदान, छुट, सुविधा, तथा सहुलियत उपलब्ध गराउन सकिनेछ ।

(४) उपदफा (१) (२) र (३) बमोजिमको व्यवस्था गर्दा गरिब, विपन्न, सीमान्तकृत र साना किसान तथा कृषि श्रमिक, महिला, आदिवासी, जनजाती र दलित किसानलाई प्राथमिकता दिनु पर्नेछ ।

(५) सङ्घ, प्रदेश र स्थानीय तहले कृषिमा उल्लेखनीय योगदान गर्ने कृषक, व्यवसायी, तथा सङ्घसंस्थालाई सम्मान/पुरस्कार प्रदान गर्न सक्नेछ।

(६) उपदफा (१) बमोजिमको कृषि योग्य जमिन, किसान र कृषि पेशाको संरक्षण गर्न नेपाल सरकारले आवश्यकता अनुसार कर लगाउने तथा प्रतिवन्धात्मक व्यवस्था समेत गर्न सक्नेछ।

(७) संघ, प्रदेश र स्थानीय तहले उपदफा (१) बमोजिम किसान र कृषि पेशाको संरक्षण गर्न कृषि वीमाको व्यवस्था गर्नेछ।

(८) संघ, प्रदेश र स्थानीय तहले किसान र कृषि व्यवसायको सुरक्षा एवं संरक्षणको लागि आवश्यक व्यवस्था गर्न सक्ने छन्।

४. **किसानको वर्गीकरण गर्नुपर्नेः** (१) नेपाल सरकारले किसानको पहिचान र सूचीकरण गरी वर्गीकरण गर्नेछ ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिम पहिचान, सूचीकरण, वर्गीकरणका आधार र सो सम्वन्धी कार्य गर्ने निकाय तोक्ने छ।

(३) उपदफा (१) बमोजिम किसानको पहिचान र सूचीकरण कार्य स्थानीय तहहरुले गर्ने छन।

(४) किसानको स्थायी वसोवास भएको स्थानीय तहले उपदफा (१) बमोजिमको वर्गीकरणको आधारमा किसान परिचय पत्र जारी गर्नेछ ।

(५) उपदफा (४) मा जेसुकै लेखेको भएतापनि कृषि पेशा गर्न चाहने नेपाली नागरीकले नीजको स्थायी वसोवास भएको स्थानीय तह भन्दा अलग्गै नेपाल भित्रको जुनसुकै स्थानीयतहमा किसानकोरुपमा दर्ता भई किसान परिचय पत्र लिन, कृषि कार्य गर्न र प्रचलित कानून बमोजिम अनुदान, सेवा, सुविधा, सहुलियत लिन बाधापर्ने छैन। तर कुनै एक स्थानीय तहबाट किसान परिचय पत्र प्राप्त गरेको किसानले अर्को स्थानीय तहमा दर्ता भई कृषि कार्य गर्न पूनः किसान परिचय पत्र लिनु पर्नेछैन ।

५. **सामुहिक कृषिलाई प्रवर्धन गर्ने** (१) कृषि व्यवसाय गर्न सङ्घ, प्रदेश र स्थानीय तहले किसान, उत्पादक कृषक समूह वा कृषि सहकारी संस्थाको प्रवर्धन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको किसान, उत्पादक कृषक समूह वा कृषि सहकारी संस्थाको परिचालन प्रदेश तथा स्थनीय तहको कानुन अनुसार हुनेछ।

(३) जमिनलाई चक्लाबन्दी गरी कृषि वा पशुपन्छी वा मत्स्यपालनमध्ये सवै वा कुनै एक व्यवसाय गर्न चाहने किसान, उत्पादक कृषक समूह, कृषि सहकारी संस्था, फर्म, कम्पनी वा अन्य कुनै सामुदायिक संस्थालाई सङ्घ, प्रदेश र स्थानीय तहले सहुलियत प्रदान गर्न सक्नेछ ।

६. **कृषि जैविक विविधता संरक्षण गर्नेः** (१) संघ, प्रदेश र स्थानीय तहले कृषि जैविक विविधताको संरक्षण गर्नु पर्नेछ । कृषि जैविक विविधतालाई हानि नोक्सानी हुने गरि कसैले पनि कुनै किसिमको कार्यक्रम सञ्चालन गर्न पाईने छैन ।

(२) विकास आयोजनाहरुले आयोजना सञ्चालन गर्नुपुर्व प्रभावित क्षेत्रको कृषि जैविक विविधतामा पर्ने प्रभाव तथा जोखिम विश्लेषण गर्नु पर्नेछ।(३) उपदफा (२) बमोजिम कृषि जैविक विविधतामा पर्ने प्रभाव तथा जोखिम विश्लेषण गर्दा प्रभावित क्षेत्रको कृषि जैविक

विविधतामा प्रतिकूल असर पर्ने देखिएमा आयोजना सञ्चालन गर्ने निकायले आयोजना संचालन नगर्ने वा कृषि जैविक विविधता संरक्षणको वैकल्पिक व्यवस्था गर्नु पर्नेछ।

(४) बालीनाली, पशुपन्छी, मत्स्य, मौरी, च्याउ तथा खेतीगरीने जडिबुटीको बीउ बिजन, नश्लको दीर्घकालीन  संरक्षण र उपयोगको लागि मन्त्रालयले जिन वैंकको स्थापना र सञ्चालन गर्नु पर्नेछ।

(५) मन्त्रालयले जिन बैक स्थापना र संचालन गर्ने निकाय तोक्नु पर्नेछ र तोकिएको निकायले आनुवंशिक स्रोतको पहिचान, सङ्कलन, अभिलेखीकरण र संरक्षण गर्नु पर्नेछ।

(६) किसान, कृषक समूह तथा कृषि सहकारी र समुदायमा आधारित संघ/संस्थाले स्थानीय स्तरमा सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन गर्न सक्ने ।

(७) नेपाल सरकारले रैथाने बालीनाली, पशुपन्छी, मत्स्य, मौरी, च्याउ तथा जडीबुटीको बीउ बिजन, नश्ल र सो सम्वन्धि परम्परागत ज्ञान एवम् प्रथाजनित अभ्यासको पहिचान र सूचीकरण गरि अभिलेख राख्नेछ।

(८) कृषि जैविक विविधता संरक्षण, कृषि पारिस्थितिक प्रणालीमा सुधार, जलवायु परिवर्तनको असर न्यूनिकरण, खाद्य सम्प्रभुताको प्रचलनको लागि पर्यावरणिय कृषि पद्धतिको अवलम्वनलाई संघ, प्रदेश र स्थानीय तहहरुले आवश्यक प्रवर्द्धनात्मक र नियमनका कार्य गर्न सक्ने छन्।

(९) रैथाने बाली-नाली, पशुपन्छी तथा मत्स्यका बीउ बिजन र नश्लको आनुवंशिक शुद्धता कायम राख्न नियमित रुपमा प्रतिजैविक, अजैविक र जैविक चुनौतीहरुको जोखिम विश्लेषण गरि नेपाल सरकारले व्यवस्थापन र नियमन गर्नेछ।

(१०) स्थानीय जैविक विविधतामा अनुवंश परिमार्जित तथा जीवित परिमार्जित जीवहरुबाट नकारात्मक प्रभाव पर्न नदिन यिनीहरुको प्रयोग सम्बन्धमा अध्ययन तथा अनुसन्धान बिना खेती गर्नको लागि अनुमति दिइने छैन ।

(११) प्रचलित कानून बमोजिम पैठारी अनुमती दिने निकायले औद्योगिक प्रयोजनका लागि पैठारी हुने वस्तुहरु बीउ विजनमा प्रयोग नहुने सुनिश्चित गरेर मात्र पैठारीका लागि अनुमति दिनु पर्नेछ ।

## परिच्छेद -३

## कृषि व्यवसाय सम्बन्धी व्यवस्था

७. **कृषि व्यवसाय सञ्चालन गर्न सक्नेः** (१) एकल, सार्वजनिक-निजी साझेदारी वा अन्य साझेदारीमा निजी, सामुदायिक, सहकारी वा सरकारी स्तरमा कृषि व्यवसाय स्थापना र सञ्चालन गर्न सकिने छ ।

(२) कुनै पनि कृषि व्यवसायीलाई प्रचलित कानूनले निषेध गरेकोमा बाहेक व्यवसाय गर्नबाट वञ्चित गर्न, गराउन वा हानि नोक्सानी पुऱ्याउन हुँदैन ।

(३) कृषि व्यवसाय संचालनको लागि आवश्यक मापदण्डहरु मन्त्रालयले तयार गरी प्रदेश र स्थानीय तहमा समेत लागू गर्न/गराउन सक्नेछ ।

८. **कृषि व्यवसाय दर्ता, नवीकरण र सूचीकृत गर्नुपर्नेः** (१) कृषि तथा कृषिजन्य व्यवसाय गर्न चाहने व्यक्ति, समूह, सहकारी, फर्म, वस्तुगत संस्था वा कम्पनीले उक्त व्यवसाय प्रचलित कानून बमोजिम तोकिएको निकायमा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवसाय दर्ता गर्नुपूर्व व्यवसाय गर्न चाहने व्यक्ति, समूह, सहकारी, फर्म, वस्तुगत संस्था वा कम्पनीले मन्त्रालयले तोकेको निकायबाट प्राविधिक सिफारिस र कृषि व्यवसाय स्थापना हुने स्थानीय तहबाट व्यवसाय स्थापना र सञ्चालनको सिफारिस लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको सिफारिस समेतका आधारमा प्रचलित कानुन बमोजिम दर्ता भएका कृषि व्यवसाय मन्त्रालयले तोकेको निकायमा सुचीकृत गरि सो को प्रमाणपत्र लिनु पर्नेछ।

(४) कृषि बजार व्यवसायमा संलग्न सङ्कलनकर्ता, थोक व्यवसायी, खुद्रा व्यवसायी, कमिशन एजेण्ट, लगायत कृषि बजारमा संलग्न सवै व्यवसायीहरुले मन्त्रालयले तोकेको निकायमा सूचीकृत गरि अनुमतिपत्र लिनु पर्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम सूचीकृत कृषि व्यवसायले प्रचलित कानुन बमोजिम नवीकरण पश्चात सूचीकृत गर्ने निकायमा समेत अभिलेख अध्यावधिक गर्नु पर्नेछ ।

(६) उपदफा (३) र (४) को प्रयोजनको लागि प्रचलित कानून बमोजिम यस अघि दर्ता भएका कृषि व्यवसाय समेत मन्त्रालयले तोकेको निकायमा सूचीकृत हुनु पर्नेछ।

(७) उपदफा (३) र (४) बमोजिम सूचीकृत भएका कृषि फर्म, सहकारी, कम्पनी वा समूहलाई संघ, प्रदेश र स्थनीय तहले अनुदान, सुविधा तथा सहुलियत प्रदान गर्न सक्ने छन् ।

९. **कृषि व्यवसायको वर्गिकरण गर्न सक्नेः** (१) नेपाल सरकारले आवश्यकता अनुसार कृषि व्यवसायको वर्गिकरण गर्नेछ ।

(२) कृषि व्यवसायको वर्गिकरणका आधार र मापदण्ड नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।

१०. **कृषि व्यवसायमा निजी क्षेत्रको संलग्नता अभिबृद्धि गर्नेः** (१) सङ्घ, प्रदेश र स्थानीय तहले कृषि व्यवसायमा निजी क्षेत्रको संलग्नता र लगानी बढाउन प्रोत्साहनका कार्यक्रमहरु संचालन गर्न सक्ने छन् ।

(२) कृषि अनुसन्धान, प्रविधि विकास र बीउ बिजन, नश्ल, स्रोत केन्द्र स्थापना र पचहतर प्रतिशत भन्दा बढि आफ्नो वार्षिक उत्पादन निर्यात गर्ने प्राथमिक कृषि उत्पादन सम्बन्धी ब्यवसायमा बैदेशिक लगानी लिन सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएकोभएपनि साना, सिमान्तकृत कृषक र व्यवसायीको हितलाई मध्यनजर गर्दै प्रचलित कानूनले निषेध गरेका प्राथमिक कृषि उत्पादनका क्षेत्रमा बैदेशिक लगानी लिन पाईने छैन ।

(४) निजी क्षेत्रले प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी कृषि अनुसन्धान, प्रविधि विकास र बीउ बिजन, नश्ल, स्रोत केन्द्र स्थापनामा लगानी गर्न, व्यवसाय सन्चालन गर्न सक्ने छ र सो को नियमन मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले गर्ने छ ।

११. **साझेदारीमा कृषि व्यवसाय सञ्चालन गर्न सक्नेः** (१) सङ्घ, प्रदेश तथा स्थानीय तह मातहत तोकिएको निकायले सार्वजनिक, निजी, सहकारी, सामुदायिक वस्तुगत संस्था तथा उपभोक्ता संस्थाहरुसँगको साझेदारीमा कृषि फर्म, पशुपन्छी तथा मत्स्यपालन, जडिबुटी खेती, कृषि वन व्यवसाय, स्रोत केन्द्र, प्रयोगशाला सेवा, प्रसोधन उद्योग, कृषि बजार, नमुना प्रर्दशन सिकाई केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको साझेदारी संस्था वा कम्पनि वा व्यवसाय तोकिएको निकायमा दर्ता गर्नु पर्नेछ।

१२. **स्रोत केन्द्र सञ्चालन सम्वन्धि व्यवस्थाः** (१) व्यवसायीले आफ्नो कृषि व्यवसायलाई स्रोत केन्द्रको रुपमा सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमको मापदण्ड पूरा गरी तोकिएको निकायबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको स्रोत केन्द्र सञ्चालनको मापदण्ड कार्यान्वयन गर्न र स्रोत सामग्री तथा सेवाको गुणस्तर नियमन सम्बन्धी कार्य गर्न आवश्यकता अनुसार मन्त्रालयले कार्यालयहरु तोक्न सक्नेछ ।

(३) अनुदान प्रयोजनको लागि मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले उपदफा (१) बमोजिमको स्रोतकेन्द्रबाट उत्पादित स्रोत सामग्री तथा सेवाको सन्दर्भमूल्य तोक्न सक्नेछ ।

(४) स्रोत केन्द्रले तोकिएको मापदण्ड बमोजिमको स्रोत सामग्री तथा सेवा बिक्री वितरण गर्नु पर्नेछ ।

(५) स्रोत केन्द्र सञ्चालकले बार्षिक रुपमा उत्पादन हुने स्रोत सामग्री र सेवाको विवरण अनुमति दिने निकायमा पेश गर्नु पर्नेछ ।

(६) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले अनुमति प्राप्त श्रोत केन्द्रहरुको विवरण प्रत्येक आर्थिक बर्ष सार्वजनिक गर्नु पर्नेछ ।

(७) कुनै पनि व्यक्ति संस्था वा निकायले अनुमति प्राप्त नगरी गैरकानूनी ढंगबाट सन्चालित श्रोत केन्द्रबाट उत्पादित श्रोत सामग्री वा सेवा खरिद, विक्री, वितरण गर्नु हुदैन।

(८) यस ऐन मा यस अघि जेसुकै भनिएको भए तापनि संघीय सरकार मातहत रहेका सरकारी स्रोत केन्द्रबाट उत्पादन हुने श्रोत सामग्री वा सेवाको मूल्य मन्त्रालयले तोक्नेछ ।

(९) संघीय सरकार मातहत रहेका वाली वस्तु विशेषका सरकारी स्रोत केन्द्र, फार्म केन्द्रहरुलाई दोहोरो मार्ग व्यवस्थापन प्रणाली (डबल ट्र्याक सिस्टम) बाट सन्चालन र व्यवस्थापन गर्न सकिने छ । सरकारी स्रोतकेन्द्र, फार्म केन्द्रहरुको दोहोरो मार्ग व्यवस्थापन प्रणाली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. **प्रयोगशाला सेवा सञ्चालन गर्न सक्नेः** (१) सङ्घ, प्रदेश, स्थानीय तह र निजी क्षेत्रले मन्त्रालयले तोकेको निकायबाट अनुमति लिई कृषि क्षेत्रको लागि आवश्यक पर्ने प्रयोगशालाको स्थापना र सञ्चालन गर्न सक्ने छन्।

(२) उपदफा (१) बमोजिम प्रयोगशाला स्थापना र सञ्चालनको मापदण्ड मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने प्रयोगशालाको दर्ता र नवीकरण सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको मापदण्ड र उपदफा (३) बमोजिमको प्रकृया पूरा नगरी प्रयोगशाला स्थापना र सन्चालन गर्न पाईने छैन ।

(५) उपदफा (१) बमोजिम स्थापना हुने प्रयोगशालालाई आवश्यक प्रकृया पूरागरी राष्ट्रिय तथा अन्तराष्ट्रिय मान्यता (एकृडिटेसन) लिन सकिने छ ।

(६) उपदफा (१) बमोजिम स्थापना हुने प्रयोगशाला सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद -४

## कृषि व्यवसाय प्रवर्द्धन निर्देशक समिति सम्बन्धी व्यवस्था

१४. **कृषि व्यवसाय प्रवर्द्धन निर्देशक समितिको गठनः** (१) कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको विकास, व्यवसायको स्थापना, लगानी अभिवृद्धि, प्रवर्द्धन, संरक्षण, विस्तारको लागी सहजीकरण तथा समन्वय लगायतका विषयमा मन्त्रालयलाई सिफारिस गर्न देहाय बमोजिमको एक कृषि व्यवसाय प्रवर्द्धन निर्देशक समिति गठन गरिनेछः-

(क) मन्त्री, कृषि तथा पशुपन्छी विकास मन्त्रालय —अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (कृषि हेर्ने) —सदस्य

(ग) अध्यक्ष, राष्ट्रिय किसान आयोग —सदस्य

(घ) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय —सदस्य

(ङ) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय —सदस्य

(च) सचिव, अर्थ मन्त्रालय —सदस्य

(छ) सचिव, वन तथा वातावरण मन्त्रालय —सदस्य

(ज) सचिव, सिंचाई सम्बन्धी विषय हेर्ने संघीय मन्त्रालय —सदस्य

(झ) सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय—सदस्य

(ञ) मन्त्रालयले मनोनयन गरेको कृषि तथा पशुपन्छी व्यवसायी मध्ये कम्तिमा १ जना महिला सहित २ जना किसान —सदस्य

(ट) अध्यक्ष, नेपाल उद्योग बाणिज्य महासंघ —सदस्य

(ठ) सभापती, नेपाल उद्योग परिसंघ —सदस्य

(ड) सहसचिव, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन माहाशाखा — सदस्य सचिव

(२) समितिले विषयसँग सम्बन्धीत विषय विज्ञ, नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धीत मन्त्री वा सचिवलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक बर्षमा कम्तिमा दुई पटक बस्नेछ ।

(४) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ।

(५) समितिका पचास प्रतिशतभन्दा बढी सदस्यको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ।

(६) बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछन्।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**१५. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) कृषि व्यवसायको संरक्षण तथा प्रवर्द्धन, सम्बन्धी नीतिगत विषयमा मन्त्रालयलाई सुझाव दिने,

(ख) यस ऐनको कार्यान्वयनमा अन्तर-मन्त्रालय, अन्तर सरकारबीच उत्पन्न विवाद, द्विविधा वा बाधा, अड्काउ परेमा त्यसको समाधान गर्न मन्त्रालयलाई सहजीकरण गर्ने ,

(ग) कृषि क्षेत्रको समग्र व्यवसायीकरण सम्बन्धमा नियमित समीक्षा गरी आवश्यक सुधार गर्न मन्त्रालयलाई सिफारिस गर्ने,

(घ) अन्तर-प्रदेश कृषि व्यवसाय प्रवर्द्धन गर्न सम्बन्धीत प्रदेश तथा स्थानीय तहसँग समन्वय गर्ने,

(ङ) कृषि व्यवसायको संरक्षण र प्रवर्द्धनको लागि आवश्यकता अनुसार अन्य निकायसँग समन्वय गर्ने,

(च) कृषि व्यवसाय प्रवर्द्धन र नियमनको लागि मन्त्रालयलाई निर्देशन दिन सक्ने,

(छ) किसान तथा कृषि व्यवसायीलाई प्रदान गरिने अनुदान, सेवा, सुविधा सहुलियत का सम्बन्धमा मन्त्रालयलाई सिफारिस गर्ने।

(ज) कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य वा कृषक विक्री मूल्य तोक्न मन्त्रालयलाई सिफारिस गर्ने ।

(झ) बिशेष कृषि उत्पादन क्षेत्र तोक्न मन्त्रालयलाई सिफारिस गर्ने रणनीतिक महत्वको कृषि उत्पादन तथा सेवा तोक्न मन्त्रालयलाई सिफारिस गर्ने ।

(ञ) सार्वजनिक-निजी साझेदारीमा आयात प्रतिस्थापन गर्न कृषि उत्पादन प्रसोधन र बजारीकरण गर्न, उद्योग/व्यवसाय खोल्न नीतिगत सिफारिस गर्ने ।

(ट) यस ऐनको कार्यान्वयन गर्न आवश्यक अन्य कार्य गर्ने वा गराउने ।

(२) समितिले आवश्यक ठानेमा प्राविधिक सहयोगको लागि आवश्यकतानुसार प्राविधिक उपसमितिहरु गठन गर्न र उक्त उपसमितिको काम कर्तव्य र अधिकार तोक्न सक्नेछ।

(३) मन्त्रालयको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखाले कृषि व्यवसाय प्रवर्द्धन निर्देशक समितिको सचिवालयको रुपमा कार्य गर्ने छ ।

१६. **प्रदेश कृषि व्यवसाय प्रवर्द्धन समितिः** (१) प्रदेश सरकारले प्रदेशस्तरमा कृषि व्यवसाय प्रवर्द्धन समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिको संरचना तथा काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुनेछ ।

१७. **स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समितिः** (१) स्थानीय तहले आफ्नो स्थानीय तहमा स्थानीय स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति गठन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिको संरचना तथा काम, कर्तव्य र अधिकार सम्बन्धीत स्थानीय तहको कानून बमोजिम हुनेछ ।

## परिच्छेद -५

## कृषि उत्पादनको मूल्य निर्धारण तथा कृषि बजार सम्बन्धी व्यवस्था

१८. **कृषि उत्पादनको मूल्य तोक्न सक्नेः** (१) देशभित्र उत्पादन हुने प्रमुख कृषिजन्य वाली वस्तुहरुको मन्त्रालयले मूल्य तोक्ने प्रयोजनका लागि प्रत्येक दुई वर्षमा अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार भएको प्रतिवेदनको आधारमा नेपाल सरकारले आवश्यकता अनुसार बाली लगाउनु पूर्व प्रमुख कृषिजन्य वाली वस्तुहरुको उत्पादनको न्यूनतम समर्थन मूल्य वा कृषक विक्री मूल्य तोक्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको व्यवस्था कुनै निश्चित भूगोल वा कृषि उत्पादनमा निश्चित मापदण्ड र अवधिका लागि लागू हुने गरी तोक्न सकिनेछ ।

(४) उपदफा (२) बमोजिम निर्धारण भएको मूल्य बाहेक प्रदेश तथा स्थानीय तहले सम्वन्धित प्रदेश र स्थनीय तहको लागि महत्वपूर्ण कृषि जन्य वाली वस्तुहरुको न्यूनतम समर्थन मूल्य वा कृषक बिक्रि मूल्य तोक्न सक्नेछन्।

(५) उपदफा (२) र (४) बमोजिम तोकिएको मूल्यमा सार्वजनिक, निजी र सहकारी व्यवसाय मार्फत खरिदको व्यवस्था गर्न सक्नेछ ।

(६) उपदफा (२) बमोजिमका प्रमुख कृषिजन्य वाली वस्तुहरुको नाम नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशन गरि तोके बमोजिम हुनेछ ।

(७) नाशवान (पेरिसेवल) कृषि उत्पादनका संकलनकर्ता र थोक विक्रेताले प्रत्येक तहको कुल लागतमा बीस प्रतिशत भन्दा बढी नाफा लिन पाईने छैन ।

१९. **कृषि बजारको स्थापना तथा सञ्चालन गर्न सक्नेः** (१) कृषि उत्पादनको खरिद बिक्री सम्बन्धी कार्यलाई व्यवस्थित गर्न सङ्घ, प्रदेश र स्थानीय तहले कृषि बजारको स्थापना तथा सञ्चालन गर्न सक्ने छन् ।

(२) निजी (फर्म), सहकारी तथा कानून बमोजिम दर्ता भएका संघ, संस्थाहरुले स्वीकृत मापदण्ड अनुसार मन्त्रालयले तोकेको निकायबाट अनुमति लिई कृषि बजार संचालन गर्न सक्ने छन।

(३) उपदफा (१) र (२) बमोजिम सार्वजनिक, सहकारी तथा निजी साझेदारीमा कृषि बजारको स्थापना, भौतिक पूर्वाधार, एवं सेवा सुविधाको विकास र बजारको सञ्चालन गर्न सकिनेछ ।

(४) मन्त्रालयले उपदफा (१), (२) र (३) बमोजिम स्थापना र सञ्चालन हुने बजारहरुको बर्गिकरण र स्तर निर्धारण गर्नेछ।

(५) उपदफा (१), (२) र (३) बमोजिम स्थापना र सञ्चालन हुने कृषि बजारहरुको दर्ता, अनुमति, नवीकरण र सूचीकरण सम्वन्धि व्यवस्था दफा ८ बमोजिम हुने छ।

(६) उपदफा (१), (२) र (३) बमोजिम प्रदेश र स्थनीय तहबाट स्थापना हुने कृषि बजारहरुको दर्ता, अनुमति, नवीकरण, सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था सम्बन्धीत प्रदेश र स्थनीय तहको कानुन बमोजिम हुनेछ।

(७) उपदफा (१), (२) र (३) बमोजिम स्थापना र सञ्चालन हुने कृषि बजारहरुमा कम्तिमा दश प्रतिशत विक्रीस्थान कृषकहरुको लागि छुट्याउनु पर्नेछ।

(८) स्थानीय तहले हाट बजारको बिकास तथा व्यवस्थापनको लागि उपयुक्त स्थानहरु निर्धारण गरी बिक्री वितरण गर्ने व्यवस्था गर्नेछ।

(९) मन्त्रालयले वा मन्त्रालयले तोकेको निकायले आधुनिक कृषि बजार सूचना प्रणालीको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने छ।

(१०) संघ, प्रदेश र स्थानीय तहले कृषि बजारहरुमा लिलाम प्रणाली स्थापना र सन्चालन गर्न सक्नेछ।

२०. **कृषि बजार सञ्चालक समिति सम्बन्धी व्यवस्थाः** (१) कृषि बजारको सञ्चालन तथा व्यवस्थापन गर्न कृषि बजार सञ्चालक समिति गठन गरिनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि कृषि बजार सञ्चालक समितिको संरचना देहाय बमोजिम हुनेछ।

(क) कृषि बजार अनुसन्धान तथा नियमन केन्द्रको सिफारिसमा मन्त्रालयले नियुक्त गरेको व्यक्ति – अध्यक्ष

(ख) कृषि बजारभित्र व्यवसाय सञ्चालन गरेका व्यवसायीहरु मध्येबाट चुनिएर आएको व्यवसायी प्रतिनिधी १ जना - सदस्य

(ग) बजारको मुख्य प्रभाव क्षेत्रभित्रका सकृय कृषि व्यवसायी/कृषक समूह/ कृषि सहकारी प्रत्यकबाट एक-एक जना पर्नेगरि प्रदेशको जिल्ला स्थित कृषि क्षेत्र हेर्ने कार्यालयले सिफारिस गरेका कम्तिमा १ महिला सहित ३ जना - सदस्य

(घ) बजार स्थल रहेको स्थानीय तहको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य १ जना – सदस्य

(ङ) प्रदेशको जिल्ला स्थित कृषि क्षेत्र हेर्ने कार्यालयको अधिकृत प्रतिनिधि १ जना –सदस्य

(च) बजार स्थल रहेको स्थानीय तहको कृषि वा पशु सेवा शाखाको अधिकृत प्रतिनिधि १ - सदस्य

(छ) कृषि बजार निर्देशक - सदस्य-सचिव

(३) सङ्घीय कृषि बजारको हकमा प्रशासकीय प्रमुखको रुपमा काम गर्न मन्त्रालयले तोके बमोजिमको योग्यता पुगेका व्यक्तिलाई नेपाल सरकार कृषि सेवाबाट बजार निर्देशक नियुक्ति गर्नेछ।

(४) संचालक समितिको अध्यक्षको योग्यता कम्तिमा कृषि अर्थशास्त्र वा बाणिज्य शास्त्र, व्यापार प्रशासन वा अर्थशास्त्रमा स्नातक तह उत्तिर्ण गरेको हुनु पर्नेछ।

(५) प्रदेश तथा स्थानीय तहबाट संचालन हुने कृषि बजारहरुको संचालन व्यवस्थापन प्रदेश र स्थनीय तहको कानुनले तोके बमोजिम हुनेछ।

(६) बजार सञ्चालनको लागि आवश्यक जनशक्तिको व्यवस्थापन बजार संचालन विनियम अनुसार हुनेछ।

(७) बजार संचालनको लागि नियुक्त कर्मचारीको तलव, भत्ता एवम् अन्य सुविधा समितिको कोषबाट व्यहोरिनेछ ।

(४) कृषि बजार सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(५) कृषि बजार सञ्चालक समितिका पचास प्रतिशतभन्दा बढी सदस्यको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिने छ।

(६) कृषि बजार सञ्चालक समिति बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्ने छन्।

(७) कृषि बजार सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कृषि बजार सञ्चालक समितीले निर्धारण गरे बमोजिम हुनेछ ।

२१. **कृषि बजार सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** कृषि बजार सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बजारको विकास, विस्तार र गुणस्तरीय सेवा प्रवाह गर्ने सम्बन्धमा कार्ययोजना बनाई लागू गर्ने गराउने,

(ख) बजार सञ्चालनको लागि आवश्यक पर्ने विनियम तयार गरि स्वीकृतिका लागि कृषि बजार अनुसन्धान तथा नियमन केन्द्र मार्फत मन्त्रालयमा पेश गर्ने

(ग) कृषि बजारको भौतिक सुविधाको संरक्षण, मर्मत संभार तथा संबर्द्धन गर्न आवश्यक व्यवस्था गर्ने,

(घ) बजार सञ्चालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने गराउने,

(ङ) बजार स्थलभित्र स्वस्थ वातावरण कायम गर्ने गराउने,

(च) कृषि बजार सञ्चालनको लागि प्रचलित कानुन र मापदण्ड कार्यान्वयन गर्न गराउन आवश्यक व्यवस्था मिलाउने

(छ) कृषि बजार स्थलमा आउने कृषि उपजमा बिषादी परीक्षणको व्यवस्था मिलाउने ।

२२. **कृषि बजार सञ्चालन कोष सम्वन्धि व्यवस्था** (१) कृषि बजार सञ्चालनको लागि सम्वन्धित कृषि बजार सञ्चालक समिति मातहत एक कोषको व्यवस्था गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा बजारबाट प्राप्त सबै आय तथा अन्य सरकारी, गैर सरकारी निकायबाट प्राप्त रकम जम्मा हुनेछ।

(३) उपदफा (१) बमोजिम स्थापना भएको कोषको सञ्चालन व्यवस्थापन सम्वन्धित बजारको विनियम अनुसार हुने छ।

२३. **कृषि बजार अनुसन्धान तथा नियमन केन्द्रको स्थापनाः** (१) कृषि बजार सम्बन्धी अध्ययन, अनुसन्धान, नियमन, नियन्त्रण र निर्देशनका लागि मन्त्रालय अन्तर्गत कृषि बजार अनुसन्धान तथा नियमन केन्द्रको स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिमको केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रमुख कृषि उत्पादनहरुको उत्पादन लागत, उत्पादन, उत्पादकत्व, कृषक थलो मूल्य, उपभोक्ता मूल्य र वितरण प्रणालीबारे अध्ययन गरी प्रत्येक दुई वर्षमा मन्त्रालयमा प्रतिवेदन पेश गर्ने,

(ख) प्रमुख कृषि उपजहरुको न्यूनतम समर्थन मूल्य सम्वन्धमा अध्ययन गरि मन्त्रालयमा पेश गर्ने,

(ग) कृषि उत्पादनको उत्पादन लागत, बजार मूल्य, आयात, निर्यात र कृषि बजारहरुको अध्यावधिक अभिलेख राख्ने,

(घ) कृषि बजार सम्बन्धमा नीति नियम निर्देशिका कार्यविधि तर्जुमा गरी मन्त्रालयमा पेश गर्ने,

(ङ) कृषि बजारहरुको मापदण्ड कार्यान्वयनको परीक्षण गर्ने र नियमन गर्ने र मापदण्ड विपरित भएको पाईएमा कानून बमोजिम कारबाहि गर्ने,

(च) कृषि बजारहरुको अनुगमन निरीक्षण गर्ने गराउने,

(छ) कृषि बजार स्थापना सन्चालन र व्यवस्थापन मापदण्ड तयार गरी मन्त्रालयमा पेश गर्ने,

(ज) कृषि बजार निरीक्षकहरुको नियुक्तिको लागि मन्त्रालयमा सिफारिस गर्ने,

(झ) कृषि बजार निरीक्षकहरुको क्षमता विकास तथा नियमन गर्ने,

(ञ) राष्ट्रिय तथा अन्तराष्ट्रिय कृषि बजार प्रणालीको अध्ययन अनुसन्धान गरि सुदृढ राष्ट्रिय कृषि बजार प्रणालीको स्थापना गर्न सम्वन्धित निकायहरुलाई सिफारिस गर्ने,

(ट) कृषि ब्यापार, कृषि उत्पादनको आयात व्यवस्थापन तथा निर्यात प्रवर्धन सम्वन्धि अध्ययन अनुसन्धान गरि मन्त्रालयमा बार्षिक प्रतिवेदन पेश गर्ने,

(ठ) कृषि उत्पादनको बजार मूल्य सर्वेक्षण विश्लेषण गरि मन्त्रालयमा बार्षिक रुपमा प्रतिवेदन पेश गर्ने,

(ड) कृषि बजार पूर्वाधारहरुको संभाव्यता अध्ययन निर्माण तथा सञ्चालन गर्ने गराउने,

(ढ) कृषिजन्य उद्योग एवं कृषि ब्यबसाय प्रवर्धनका लागि आवश्यक अध्ययन अनुसन्धान गरि प्रतिवेदन पेश गर्ने,

(ण) कृषि बजार र ब्यबसाय प्रवर्धनका साथै नियमन एवं सुशासन सम्बन्धी अध्ययन अनुसन्धानका लागि बिज्ञ ब्यक्ति तथा संस्थाहरुको रोष्टर तयार गरि बार्षिक रुपमा अद्याबधिक गर्ने,

(त) कृषि उत्पादनको बजारीकरण सम्वन्धमा मन्त्रालयले तोके बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद -६

## विशेष कृषि उत्पादन क्षेत्र सम्बन्धी  व्यवस्था

२४. **विशेष कृषि उत्पादन क्षेत्र तोक्न सक्नेः** (१) नेपाल सरकारले सम्बन्धित प्रदेश र स्थानीय तहको सिफारिसमा विशेष कृषि उत्पादन क्षेत्र तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको विशेष कृषि क्षेत्र स्थापना संचालन व्यवस्थापन सम्बन्धी मापदण्ड मत्रालयले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको विशेष कृषि उत्पादन क्षेत्र भित्र मापदण्ड बमोजिम कार्यक्रम संचालन गर्नु गराउनु सङ्घ, प्रदेश र स्थनीय तहको दायित्व हुनेछ ।

(४) उपदफा (१) बमोजिम निर्धारित क्षेत्रमा मापदण्ड प्रतिकूल क्रियाकलाप गरेमा मन्त्रालयले उक्त कार्य गर्न र प्रदान गरिने सेवा, सहुलियतमा रोक लगाउन सक्ने छन्।

(५) उपदफा (१) बमोजिम  विशेष कृषि उत्पादन क्षेत्र भित्र तोकिएका मापदण्ड कार्यान्वयन र कृषि व्यवसायहरूको प्रवर्द्धनका लागि सङ्घ, प्रदेश र स्थानीय तहले सघन प्राविधिक सेवा उपलब्ध गराउनेछ।(६) उपदफा (१) बमोजिम  विशेष कृषि उत्पादन क्षेत्र भित्र तोकिएका मापदण्ड कार्यान्वयन र कृषि व्यवसायहरूको प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तहले समय सीमा तोकी विशेष सुविधा, सहुलियत र अनुदान दिन सक्नेछ। (७) उपदफा (१) बमोजिमको कार्य प्रतिकूल नहुने गरी प्रदेश र स्थानीय तहले कृषि उत्पादन क्षेत्र तोक्न सक्नेछ ।(८) उपदफा (१) र (५) बमोजिमको बिशेष कृषि उत्पादन क्षेत्रमा संघ, प्रदेश र स्थनीय तहले सम्वन्धित कृषि उत्पादनको मूल्य शृङ्खला विकासको लागि कार्यक्रम संचालन गर्नेछ। (९) मन्त्रालयले विषेश कृषि उत्पादन क्षेत्रलाइ शत्रुजीव वा रोगमुक्त क्षेत्र समेत घोषणा गर्न सक्नेछ।

२५. **रणनीतिक महत्वको कृषि उत्पादन तथा सेवा घोषणा गर्न सक्नेः** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खाद्य सुरक्षाको दृष्टिबाट महत्वपूर्ण वा निकासी योग्य, औद्योगिक उत्पादनको लागि कच्चा पदार्थको रुपमा प्रयोग हुने कृषि उत्पादनलाई रणनीतिक महत्वको बाली वा वस्तुको रुपमा घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएका कृषि उत्पादनसंग सम्वन्धित सेवालाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रणनितिक महत्वको सेवाको रुपमा घोषणा गर्न सक्नेछ।

(३) उपदफा (१) र  (२) बमोजिमको रणनीतिक महत्वको कृषि उत्पादन तथा सेवा  सम्वन्धि मापदण्ड मन्त्रालयले तोके बमोजिम हुनेछ।

२६. **रैथाने कृषि उत्पादन सम्वन्धि व्यवस्था :** (१) कुनै भौगोलिक क्षेत्र विशेषको कृषि उत्पादन वा सम्वन्धित ज्ञान वा सीपलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रैथाने कृषि उत्पादन घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रैथाने घोषणा गरिएको कृषि उत्पादन मध्येबाट नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै कृषि उत्पादन वा ज्ञान र सीपलाई स्थान विशेषको भौगोलिक सुचकको रुपमा घोषणा गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएका रैथाने कृषि उत्पादन र उपदफा (२) बमोजिम घोषणा गरिएको भौगोलिक सूचकको सङ्कलन, अभिलेखिकरण र संरक्षण दफा ६ को उपदफा (६) बमोजिम तोकिएको निकायले गर्नु पर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम तोकिएका रैथाने कृषि उत्पादन वा ज्ञान वा सीप वा भौगोलिक सूचकको संरक्षण र प्रवर्द्धनको लागि संघ, प्रदेश र स्थनीय तहले अनुदान, सहुलियत तथा सुविधा उपलब्ध गराउन सक्ने छन्।

(५) किसान तथा बिरूवा उत्पादकले उत्पादन गरेको विशेष प्रकारको उत्पादन (सुजेनेरिस) को संरक्षण र प्रतिलिपि अधिकारमा उनीहरुको अवशिष्ट अधिकार सुरक्षित हुनेछ।

(६) भौगोलिक सूचकमा स्थान विशेषको सामुहिक अधिकार हुनेछ।

२७. **चक्लाबन्दी गर्न सकिनेः** (१) कृषि व्यवसायको लागि कुनै पनि कृषक, कृषक समूह, उपभोक्ता समिति, उत्पादक संस्था, कृषि सहकारी, कम्पनी वा अन्य सामाजिक संस्थाका सदस्यहरूले एक आपसमा व्यवसायीक कृषि करार गरी वा अन्य किसान, कृषक समूह, उपभोक्ता समिति, सहकारी, सरकारी र संघ संस्थाहरूबाट करारमा लिएको जग्गालाई सोही करारमा उल्लेख भएबमोजिम चक्लाबन्दी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कृषियोग्य जग्गाको चक्लाबन्दी गर्दा पालना गर्नुपर्ने शर्तहरू व्यवसायीक कृषि करारमा तोकिए बमोजिम हुनेछ ।

(३) खेतको साँध सिमाना नमासेर मापदण्ड अनुसारको एकै बालीको खेती समेतलाई चक्लाबन्दी खेतीको रुपमा प्रवर्धन गर्न सकिने छ।

(४) प्रचलित कानून बमोजिम भूउपयोग क्षेत्र वर्गिकरण भई कायम हुन आएको कृषि क्षेत्र अन्तरगत पर्ने भूमिमा उपदफा (१) बमोजिम चक्लावन्दी गरी खेती प्रवर्द्धन गर्न कृषकलाई सङ्घ, प्रदेश र स्थानीय तहबाट तोकिए बमोजिमको सहुलियत तथा अनुदान प्रदान गर्न सकिनेछ।

(५) चक्लावन्दीमा बृहत किसिमको कृषि व्यवसाय सञ्चालन गर्न प्रचलित भूमि सम्बन्धी कानुनमा भएको जग्गाको हदबन्दी सम्बन्धी व्यवस्थाले समस्या पर्ने देखिएमा नेपाल सरकारले तोकिएको शर्तको अधिनमा रही त्यस्तो व्यवसाय सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाउन सक्नेछ।

(६) व्यक्तिहरु वा समूहहरु मिलेर कृषिका लागि भू-उपयोग नीति अनुसार वर्गिकरण भई कायम भएको जग्गा खण्डिकरण भएकोलाई एकिकृत गर्न चाहेमा जग्गाको कित्ता मिलान गरी एकिकृत गर्न लाग्ने राजश्वमा ७५ प्रतिशत छुट दिने र पूँजिगत लाभकर नलाग्ने व्यवस्थाका लागि कानूनी व्यवस्था गरिनेछ ।

२८. **कृषि ऋण सम्बन्धी व्यवस्थाः** (१) सङ्घ, प्रदेश र स्थानीय तहले किसान तथा कृषि व्यवसायीलाई बैंक तथा वित्तीय संस्थाको समन्वयमा परियोजना धितो वा कृषक समूह वा कृषि सहकारीको सामुहिक जमानीमा ऋण प्रवाह गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) वैङ्क तथा वित्तीय संस्थाले किसान र कृषि व्यवसायमा प्रवाह गरेको कर्जामा प्रदेश सरकार र स्थानीय तहले सम्बन्धीत प्रदेश वा स्थानीय तहको कानून बमोजिम ब्याज, अनुदान र कर्जा प्रवाह लागतमा अनुदान दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको ब्याज अनुदान र कर्जा प्रवाह गर्दा उद्योगसँग सम्झौता भएको किसान वा ब्यबसायलाई प्राथमिकता दिईनेछ।

(४) साना किसानको लागि परियोजना धितोमा कर्जा उपलब्ध गराउन स्थानीय तहले संघ र प्रदेश सरकारसँगको सहकार्यमा साना किसान व्यवसाय विकास कोष स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(५) स्थानीय तहले उपदफा (३) बमोजिमको व्यवस्थाको कार्यान्वयन लघु वित्त सँस्था सँगको सहकार्यमा पनि गर्न सक्नेछ र सो सम्वन्धि अन्य व्यवस्था स्थानीय तहको कानुन बमोजिम हुनेछ।

(६) सङ्घ, प्रदेश र स्थनीय तहले कृषि कर्जा प्रवाहमा ऋण तथा ब्याज तिर्ने तालिका कृषि उत्पादनको तालिकासँग जोडेर तय गर्ने व्यवस्था गर्नु पर्नेछ।

(७) साना किसान व्यवसाय विकास कोषबाट लगानी गरिने परियोजनाको बीमा गर्नु पर्नेछ।

(८) साना किसान व्यवसाय विकास कोषबाट कर्जा लिएको किसानले काबु बाहिरको परिस्थति बाहेक नियतबस साँवा र ब्याज नतिरेमा स्थानीय तहले त्यस्तो कर्जाग्राहीलाई स्थानीय तहबाट प्रदान गरिने सेवा सुविधामा रोक लगाउन सक्नेछ ।

(९) उपदफा (१), (२) र (३) बमोजिम प्रवाह गरिने कर्जाको सुरक्षणको लागि कर्जा सुरक्षण कोषको स्थापना गर्न सकिनेछ।

२९. **कृषि उत्पादन धितो राखी ऋण लिन सकिनेः** (१) किसानले आफ्नो कृषि उत्पादनलाई सहकारी संस्था, नीजि फर्म/कम्पनी वा सार्वजनिक संस्थाको भण्डारमा राखी त्यस्तो उत्पादनको धितोमा बैंक वा वित्तीय संस्थाबाट ऋण लिन सक्ने गरी प्रदेश र स्थानीय तहले आवश्यक व्यवस्था गर्न सक्ने छन्।

(२) उपदफा (१) बमोजिमको व्यवस्थामा कृषि-वन प्रणालीका उत्पादनलाई समेत समेटन सकिनेछ।

३०. **कृषि व्यवसायको सुरक्षण गर्न सक्नेः** (१) कृषि सहकारी संस्थाले किसान सदस्यका लागि प्रदेश र स्थानीय तहको कानुन बमोजिम कृषि उत्पादनको सुरक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षण गर्दा किसानले भुक्तानी गर्नुपर्ने सुरक्षण प्रिमियम शुल्कमध्ये तोकिएको प्रिमियम रकम सङ्घ, प्रदेश र स्थानीय तहले शोधभर्ना दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको सुरक्षण कार्यक्रम संचालन गर्न चाहने कृषक सहकारीहरुले प्रदेश र स्थनीयतहको कानुन बमोजिम अनुमति लिनु पर्नेछ।

## परिच्छेद -७

## मल, बीउ विजन तथा कृषि रसायन सम्बन्धी व्यवस्था

३१. **मलको उत्पादन, आपूर्ति तथा नियमनः** (१) मन्त्रालयले मलको उत्पादन, आयात, निर्यात, आपूर्ति, व्यवस्थापन तथा गुणस्तरको नियमन गर्नेछ।

(२) नेपाली जनताको खाद्यसुरक्षा सुनिश्चितताको लागि मललाई अत्यावस्यक वस्तुको सूचिमा राखि मल खरिद सम्बन्धमा नेपाल सरकारले अलग्गै आदेश वा नियमावली जारी गर्ने छ ।

(३) मलको उत्पादन, आयात, निर्यात, आपूर्ति, व्यवस्थापन, गुणस्तर नियमन सम्बन्धी कार्य गर्न मन्त्रालयले नेपाल कृषि सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतको नेतृत्वमा एक मल आपूर्ति तथा गुणस्तर नियमन केन्द्रको व्यवस्था गर्नेछ।

(४) उपदफा (१) बमोजिमको केन्द्रको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मल उत्पादक, आयातकर्ता र वितरकलाई मलको कारोवार गर्ने अनुमति सम्वन्धमा इजाजत पत्र जारी गर्ने,

(ख) मल आयात कर्तालाई आयात गर्नु अघि मलको परिमाण, गुणस्तर, आयात समय तालिका सहित बार्षिक रुपमा आयात अनुमति पत्र जारी गर्ने,

(ग) मलको उत्पादन, आयात, निर्यात, आपूर्ति, वितरण व्यवस्थापन, गुणस्तर नियमन सम्बन्धमा आवश्यक मापदण्ड, कार्यविधि तर्जुमा गरी मन्त्रालयलाई सिफारिस गर्ने

(घ) मलको उत्पादन, आयात, निर्यातमा स्वीकृत मापदण्डको कार्यान्वयन, गुणस्तर परीक्षण र नियमन गर्ने,

(ङ) स्वीकृत मापदण्ड बमोजिमको मलको उत्पादन, आयात, निर्यात तथा वितरणको लागि अनुमति दिने, नवीकरण र खारेजी गर्ने,

(च) मल व्यवसायको नियमन तथा सहजीकरण गर्ने,

(छ) सङ्घ, प्रदेश र स्थनीय तहमा कार्यरत कृषि सेवाका कम्तिमा अधिकृतस्तरका योग्यता पुगेका कर्मचारीलाई मल निरीक्षकको रुपमा तोक्न मन्त्रालयलाई सिफारिस गर्ने,

(ज) मल उत्पादन, आयात, निर्यात, आपूर्ति, प्रयोग, वितरण व्यवस्थापन, गुणस्तर नियमन सम्वन्धमा मन्त्रालयलाई बार्षिक प्रतिवेदन तयार गरि पेश गर्ने,

(झ) मन्त्रालयलाई रासायनिक मल परीक्षणको लागि स्वीकृत मापदण्ड बमोजिम सन्दर्भ प्रयोगशाला, आधिकारिक प्रयोगशाला र गुणस्तर परीक्षण प्रयोगशालाको रुपमा तोक्न मन्त्रालयमा सिफारिस गर्ने,

(ञ) मन्त्रालयले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

(५) नेपाल सरकारले मलको मापदण्ड तोकी नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(६) मन्त्रालयले मलको गुणस्तर सुनिश्चितताको लागि उत्पादन प्रक्रिया, भण्डारण र उपयोगको मापदण्ड निर्धारण गर्नु पर्नेछ।

(७) मल आयात कर्ताले आयात गर्नु अघि उपदफा (१) बमोजिमको निकायबाट मलको परिमाण, गुणस्तर, आयात समय तालिका र उत्पादकको विस्तृत विवरण सहित अनुमति लिनु पर्नेछ र यस्तो अनुमतिको अवधि एक वर्षको हुनेछ।

(८) मन्त्रालयले उपदफा (१) बमोजिम तोकिएको निकायको सिफारिसमा रासायनिक मल परीक्षणको लागि स्वीकृत मापदण्ड बमोजिम सन्दर्भ प्रयोगशाला, आधिकारिक प्रयोगशाला र गुणस्तर परीक्षण प्रयोगशालाको रुपमा तोक्ने छ।

(९) नेपाल सरकार वा मन्त्रालयले मल उत्पादन, आयात, वितरण, उपयोग र गुणस्तर नियमन प्रकृयालाई सरल, व्यवस्थित र पारदर्शि बनाउन आदेश, नियमावली, मापदण्ड, निर्देशिका वा कार्यविधि जारी गर्न सक्नेछ र यस्तो आदेश, नियमावली, मापदण्ड, निर्देशिका

वा कार्यविधिको संघ, प्रदेश, स्थानीय तह सम्वद्ध निकायहरु, निजीक्षेत्र र किसानले कार्यान्वयन र पालना गर्नुपर्ने छ ।

(१०) नेपाल सकारले मलको उत्पादन, आयात, आपूर्ति, वितरण र अनुमति सम्बन्धमा कार्यकारी आदेश जारी गर्न सक्नेछ।

३२. **मलको उचित भण्डारणको व्यवस्था गर्नुपर्ने:** (१) मलको निकासी वा पैठारी सम्बन्धी व्यवसाय सञ्चालन गर्न चाहने व्यवसायी वा विक्रेताले स्वीकृत मापदण्ड बमोजिम भण्डारणको व्यवस्था गर्नु पर्नेछ।

(२) मन्त्रालयले रासायनिक मलको कुल आयातको कम्तिमा दश प्रतिशत सञ्चित भण्डार हुने गरी व्यवस्था गर्नु पर्नेछ ।

(३) मल सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम हुनेछ।

३३. **मलको उपयोग सम्वन्धि व्यवस्था:** (१) किसानले मलको प्रयोग प्राविधिक सिफारिस बमोजिम सन्तुलित रुपमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम किसानले मलको प्रयोग गर्दा माटो र वातावरणमा प्रतिकूल असर नपर्ने गरि गर्नु पर्नेछ।

३४. **गुणस्तरीय बीउ बिजन/नश्लको उपलब्धता:** (१) बीउ बिजन, वेर्ना /नश्ल बिक्री वितरण गर्दा सूचीकृत भएका बीउ बिजनका किसिम, जात, पशुपन्छीको नश्ल र विरुवाको वेर्नाको हकमा तोकीएको प्राविधिक मापदण्ड बमोजिम बिक्री वितरण गर्नु पर्नेछ ।

तर कृषि अनुसन्धान, विदेश निर्यातका लागि करारमा आधारित बीउ उत्पादन कार्यक्रमका लागि बीउ विजनका किसिम तथा जात सूचीकृत हुन पर्ने छैन ।

(२) नेपाल भित्र उपलब्ध नरहेका तथा पञ्जीकरण तथा सूचीकरण नभएका जात तथा वाली विरुवा आयात गर्नु परेमा बीउ बिजन गुणस्तर नियमन गर्ने कार्यालयको सिफारिसमा निर्देशक समितिले जोखिमको विश्लेषण गरि जोखिम नहुने अवस्थामा आयात अनुमतिको लागि स्वीकृति दिन सक्नेछ ।

(४) स्वदेश भित्र खुल्ला सेचित तथा वर्णशंकर जातको विकास तथा उत्पादनलाई प्रवर्द्धन गर्न मन्त्रालयले तोकेको मापदण्ड तथा शर्तको अधिनमा रहने गरी ती जातका पैत्रिक पुस्ताहरु निजी क्षेत्रलाई उपलब्ध गराउन सकिनेछ ।

(५) अनौपचारिक प्रणालीमा रहेको स्थानीय तथा रैथाने जातको बीउ बिजनको गुणस्तर अभिवृद्धिका लागि मन्त्रालयले बीउका स्तर, गुणस्तर मापदण्डका साथै गुणस्तर अभिवृद्धिका कार्य गर्न सक्नेछ ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भौगोलिक स्थान विशेषका रैथाने बालीनाली, पशुपन्छी तथा मत्स्यको बीउ बिजन, बेर्ना, नश्लको उत्पादन, प्रशोधन, भण्डारण र समुदायस्तरमा सुरक्षित आदान प्रदान, बिक्री वितरणको लागि बाधा पर्ने छैन।

(७) प्रदेश र स्थनीय तहले रैथाने बालीनाली, पशुपन्छी तथा मत्स्यको बीउ बिजन, बेर्ना, नश्लको समुदाय स्तरमा आदानप्रदान र उत्पादन कार्यलाई प्रोत्साहन गरि कृषि जैविक विविधता, सो सम्वन्धि ज्ञान, सीप र परम्पराको संरक्षण गर्नेछ।

(८) उपदफा (३) बमोजिमको अन्य व्यवस्था प्रदेश र स्थनीय कानुन बमोजिम हुने छ।

**३५. जीवनाशक विषादीको सम्वन्धि व्यवस्थाः** (१) विभिन्न बोट बिरुवा, कृषिजन्य पदार्थ, वन तथा वन पैदावर, जीव, पशुपन्छी, मानव स्वास्थ्य, भण्डारण, प्याकेजिङ्ग, निर्माण कार्यमा हानी पुऱ्याउने, रोग, कीरा, सुलसुले, नेमाटोड, झारपात, मुसा लगायतबाट बचाउन प्रयोग गरिने प्रङ्गारिक, वनस्पति, जैविक तथा रसायनिक वस्तुहरुको निकासी, पैठारी, ओसार, पसार, विसर्जन, किनबेच तथा प्रयोग प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद -८

## कृषि पूर्वाधार सम्वन्धि व्यवस्था

**३६. कृषि पूर्वाधारः** (१) कृषि उत्पादनको लागि आवश्यक कृषि पूर्वाधार निर्माण गर्दा प्रचलित कानून बमोजिम कृषि प्रयोजनको लागि वर्गीकरण गरिएको जग्गालाई लक्षित गरी निर्माण गर्नु पर्नेछ।

(२) उत्पादन सामग्रीको आपूर्ति, कृषि उत्पादन, प्रशोधन, भण्डारण, पोस्ट हार्भेस्ट र बजारीकरणका पूर्वाधार सम्बन्धी मापदण्ड मन्त्रालयले निर्धारण गरेबमोजिम हुनेछ।

(३) सङ्घ, प्रदेश र स्थानीय तहले कृषि पूर्वाधारहरु निर्माण गरी सञ्चालन र व्यवस्थापन गर्न उपभोक्ता समिति, सहकारी वा निजी क्षेत्रलाई हस्तान्तरण गर्न सक्नेछ।

(४) सङ्घ, प्रदेश र स्थानीय तहले कृषि पूर्वाधारहरुको लागि आवश्यक जग्गा उपयुक्त स्थानमा खरिद गर्न सक्नेछ।

(५) सङ्घ, प्रदेश र स्थानीय तहले पशु तथा पशुजन्य पदार्थको स्वस्थ रुपमा बिक्री वितरणका लागि स्वस्थ र आधुनिक पूर्वाधारको निर्माण र विस्तारका लागि व्यावसायीलाई अनुदान, सहुलियत दोहोरो नपर्ने गरी उपलब्ध गराउन सक्ने छन।

(७) सङ्घ, प्रदेश र स्थानीय तहले स्रोत केन्द्र, कृषि अनुसन्धान बाह्यस्थल (आउट रिच साईट) र सिकाई केन्द्रको पूर्वाधार विकासमा नीजि तथा सहकारी क्षेत्रसँग साझेदारी गर्न सक्ने छन्।

(८) सङ्घ, प्रदेश र स्थानीय तहले विशेष उत्पादन क्षेत्र तोकिएको क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण गर्नेछ।

(९) नेपाल सरकारले सिंचाइ सुविधा प्राप्त क्षेत्रलाई सिंचित कृषि क्षेत्र घोषणा गर्नेछ र घोषित सिंचित क्षेत्रभित्रको कृषि योग्य जग्गामा कृषि उत्पादन प्रवर्द्धन गर्न सङ्घ वा प्रदेश वा स्थानीय तह मार्फत कृषकहरुलाई प्रोत्साहन गर्न सकिनेछ ।

(१०) उपदफा (९) बमोजिम घोषित सिंचित क्षेत्रभित्रको जग्गालाई गैरकृषि प्रयोजनका लागि उपयोग गर्नुपूर्व मन्त्रालय मार्फत नेपाल सरकारको अनुमति अनिवार्य रुपमा लिनु पर्नेछ ।

(११) सिंचित कृषि क्षेत्र घोषणा एवं घोषित सिंचित क्षेत्रभित्रको कृषि योग्य जग्गाको उपयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१२) सङ्घ, प्रदेश र स्थानीय तहले विद्यमान कृषि प्रणालीमा कृषि यान्त्रिकरणको माध्यमबाट आधुनिकीकरण एवं व्यवसायीकरण गर्न नीजि वा सहकारी क्षेत्रसँगको लागत साझेदारीमा कृषि यन्त्र, औजार, उपकरण, मेशिन खरिद तथा कस्टम हायरिङ सेन्टर स्थापना गर्न अनुदान, सहुलियत प्रदान गर्न सक्ने छन् ।

(१३) उपदफा (१२) बमोजिम खरिद गरिने कृषि यन्त्र, औजार, उपकरण, मेशिन सहित कस्टम हायरिङ सेन्टर सम्बन्धी मापदण्ड देहायका विषयको अधिनमा रहि मन्त्रालयले निर्धारण गरेबमोजिम हुनेछ।

(१४) आयातित तथा स्वदेशमा उत्पादित कृषि सम्बद्ध मेशिनरी औजार, यन्त्र उपकरणको सार्वजनिक विक्री वितरण र उपयोगमा ल्याउनु अघि गुणस्तर परीक्षण गर्नु पर्नेछ ।

(१५) उपदफा (१४) बमोजिमको कृषि सम्बद्ध मेशिनरी औजार, यन्त्र उपकरणको गुणस्तर परीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१६) सिंचाई सुविधा उपलव्ध भएको कृषि भूमिमा कुनै पनि  सरकारी वा अर्धसरकारी कार्यालयहरुको भवन लगायतका सार्वजनिक भौतिक पूर्वाधार निर्माण गर्न पाईने छैन । यस्तो कार्यका लागि कुनैपनि तहको सरकारले बजेट उपलब्ध गराउने छैन र नक्सा पास पनि गराउन पाईने छैन ।

(१७) सडक बनाउदा सम्भव भएसम्म सिंचाई हुने जमिनमा सडक बनाउन पाईने छैन ।

## परिच्छेद -९

## कृषि व्यवसाय करार सम्बन्धी व्यवस्था

३७. **व्यावसायीक कृषि करार गर्न सकिनेः** (१) कृषि व्यवसाय प्रवर्द्धनका लागि मूल्य शृङ्खलाका कुनै दुई वा दुईभन्दा बढि पक्षहरुले व्यावसायीक कृषि करार गर्न सक्ने छन्।

(२) कृषक वा उत्पादक वा फर्म वा कम्पनी वा सहकारीले स्वदेशी वा विदेशी उद्योगसँग करार सम्झौता गरी करारमा आधारित खेती (कन्ट्र्याक्ट फार्मिङ) गर्न सक्ने छन् ।

(३) उपदफा (१) र (२) बमोजिम गरिने करार सम्बन्धीत स्थानीय तहभित्र मात्र सरोकार राख्ने भएमा सम्बन्धित स्थानीय तहमा र अन्तर स्थानीय तहमा सरोकार राख्ने करार र अन्तर जिल्ला वा अन्तर प्रदेशको हकमा कुनै एक जिल्ला वा प्रदेशको जिल्लास्थित कृषि तथा पशुपन्छी क्षेत्र हेर्ने कार्यालयमा करार भएको मितिले १५ दिनभित्र करार सम्झौता दर्ता गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दर्ता भएका करारका पक्षहरुलाई स्थानीय तह र प्रदेश सरकारले सहुलियत सेवा सुविधाहरू प्रदान गर्न सक्ने छन् ।

(५) यस ऐन बमोजिम करार गर्ने पक्षहरुले आपसी सहमति नलिई सोही विषयमा तेस्रो पक्षसँग पुनः करार गर्न पाउने छैन ।

(६) उपदफा (१) र (२) बमोजिमको व्यावसायीक कृषि करारमा संलग्न पक्षहरूको दायित्व करारमा उल्लेख भएकोमा सोही बमोजिम र नभएकोमा प्रचलित कानून बमोजिम हुनेछ।

३८. **कृषि भूमिको संरक्षण तथा भूमि करार सम्वन्धि व्यवस्थाः** (१) प्रचलित कानून बमोजिम भू-उपयोग क्षेत्र वर्गिकरण भई कायम हुन आएको कृषि भूमिको संरक्षण र सदुपयोग गर्ने दायित्व सम्बन्धीत स्थानीय तहको हुनेछ ।

(२) उपदफा (१) बमोजिमका कृषि भूमिमा कृषि उत्पादन प्रवर्द्धनका लागि संघ, प्रदेश, स्थानीय तहले विशेष अनुदान, प्रोत्साहन, सहुलियत, छुट सहितका कार्यक्रमहरु सन्चालन गर्न सक्ने छन् ।

(३) उपदफा (१) बमोजिमको कृषि भूमिलाई गैरकृषि प्रयोजनमा उपयोगका सम्बन्धमा मन्त्रालयको सहमति लिनु पर्नेछ।

(४) कृषि योग्य बाँझो जग्गाको उपयोग गर्न, कृषि भूमि करार प्रवर्द्धन गर्न तथा करारलाई सहजीकरण गर्न स्थानीय तहले कृषि भूमि करार सूचना केन्द्र स्थापना गर्नेछ।

(५) उपदफा (४) बमोजिम स्थापना भएको भूमि करार सूचना केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहभित्र रहेका करारमा खेती प्रवर्धन गर्न सकिने खेतीयोग्य सरकारी, सार्वजनिक जग्गाको लगत तयार एवं अध्यावधिक गर्ने,

(ख) निजी स्वामित्वमा रही बाँझो रहन गएका र खेतीका लागि करारमा दिन ईच्छुक जग्गाधनीहरुको जग्गाको सूचना संकलन गरी लगत तयार गर्ने,

(ग) करारमा जग्गा लिई कृषि व्यवसाय गर्न चाहने किसान, नीजि फर्म, कृषक समूह, कम्पनी र कृषि सहकारीहरुलाई करारमा खेती गर्न उपलब्ध जग्गाको विवरण सहितको सूचना प्रवाह गर्ने,

(घ) करारमा जग्गा लिई कृषि व्यवसाय गर्न चाहने किसान, निजी फर्म, कृषक समूह, कम्पनी र कृषि सहकारीहरुलाई जग्गा धनीसँग करार समझौता गर्न आवश्यक सहजीकरण गर्ने,

(ङ) स्थानीय तहभित्र उपलब्ध खेती योग्य बाँझो जग्गाको उपयोग सम्वन्धमा कार्ययोजना तयार गर्ने ।

(६) उपदफा (४) बमोजिम करारमा खेतीका लागि जग्गा प्रदान गर्न चाहने जग्गाधनीहरुले आफ्नो जमिनको विस्तृत विवरणसहित भूमि करार सूचना केन्द्रमा सूचीकृत हुनु पर्नेछ।

(७) यस दफा बमोजिम करारमा खेती गर्दा भूमिको स्वामित्व परिवर्तन हुने छैन।

## परिच्छेद -१०

## कृषि उत्पादन, कृषि सामग्री, सेवा र व्यवसाय प्रमाणीकरण सम्बन्धी व्यवस्था

३९. **कृषि उत्पादन, कृषि सामग्री, सेवा र व्यवसायको प्रमाणीकरण गराउनु पर्नेः** (१) किसान वा उत्पादकले प्राङ्गारिक कृषि उत्पादन, असल कृषि अभ्यास उत्पादन, असल पशुपालन अभ्यास उत्पादन, स्वच्छ कृषि उत्पादन, रोग मुक्त वा शत्रुजीव मुक्त क्षेत्रको उत्पादन, स्थान विशेषको उत्पादन र स्वीकृत मापदण्ड बमोजिमको अन्य कृषि उत्पादनको प्रमाणीकरण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणीकरण गर्ने निकाय मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(३) व्यवसायीले सेवा वा व्यवसायको स्वीकृत मापदण्ड अनुसार प्रमाणीकरण गराउनु पर्नेछ।

(४) कृषि यन्त्र उत्पादक तथा आयातकर्ताले तोकिएको निकायबाट मापदण्ड बमोजिम भएको प्रमाणीकरण गरेर विक्री वितरण गर्नु गराउनु पर्नेछ।

(४) मन्त्रालयले उपदफा (१), (२) र (३) बमोजिमको कार्य गर्न वस्तु सेवा र व्यवसायको प्रकृतिका आधारमा सम्बन्धीत बिषय सम्बद्ध निकायलाई प्रमाणीकरण निकाय तोक्नेछ।

(५) उपदफा (२) बमोजिम तोकिएको निकायको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रमाणीकरण गर्नु पर्ने कृषि उत्पादन, कृषि सामग्री, सेवा र व्यवसायको मापदण्ड तयार गरि स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्ने,

(ख) प्रमाणित कृषि उत्पादन, कृषि सामग्री, सेवा र व्यवसायको कार्यमा संलग्न उत्पादक, सेवा प्रदायक र व्यवसायीको लगत तयार गर्ने,

(ग) प्रमाणित कृषि उत्पादन, कृषि सामग्री, सेवा र व्यवसायको स्वीकृत मापदण्ड बमोजिम नियमन गर्ने,

(घ) स्वीकृत मापदण्ड बमोजिम कृषि उत्पादन, कृषि सामग्री, सेवा र व्यवसायको प्रमाणीकरण गरि प्रमाणपत्र दिने,

(ङ) प्रदेश वा स्थनीय तह मातहत कुनै निकायलाई स्वीकृत मापदण्ड बमोजिम प्रमाणीकरण कार्यको इजाजत दिनु परेमा मन्त्रालयमा सिफारिस गर्ने,

(च) प्रमाणीकरण कार्यको लागि नीजि फर्म कम्पनीलाई प्रमाणीकरणको ईजाजत पत्र प्रदान गर्नु पर्ने देखिएमा मापदण्ड तयार गरि मन्त्रालयमा पेश गर्ने,

(छ) स्वीकृत मापदण्ड बमोजिम नीजि फर्म कम्पनीलाई प्रमाणीकरण ईजाजत पत्र जारी गर्ने,

(ज) प्रमाणीकरण गर्न ईजाजत पत्र प्राप्त नीजि फर्म कम्पनिको नियमन गर्ने,

(झ) प्रमाणीकरणको कार्यमा क्रियाशिल अन्तरराष्ट्रिय मान्यता प्राप्त संस्थाहरुले नेपालमा प्रमाणीकरणको कार्य गर्न ईच्छुक भई निवेदन दिएमा सो को अध्ययन गरि मन्त्रालयमा ईजाजतको लागि सिफारिस गर्ने,

(ञ) नेपालमा प्रमाणीकरणको कार्य गर्न ईजाजत प्राप्त गरेका अन्तरराष्ट्रिय मान्यता प्राप्त संस्थाहरुको सूचीकरण र नियमन गर्ने।

(६) स्वीकृत मापदण्ड बमोजिमको प्रमाणित कृषि उत्पादन, सेवा र व्यवसाय गर्न चाहने व्यवसायीले उपदफा (४) बमोजिमको निकायबाट प्रमाणपत्र, छाप, चिन्ह र गुणस्तर प्रतीक चिन्ह लिनु पर्नेछ।

(७) उपदफा (१) (२) र (३) बमोजिमको कार्य गर्न मन्त्रालयले स्वीकृत मापदण्ड बमोजिम सार्वजनिक निकाय वा निजी संस्थालाई प्रमाणीकरणको कार्य गर्न ईजाजत प्रदान गर्न सक्नेछ।

(८) उत्पादकले स्वीकृत मापदण्ड बमोजिमको उत्पादन घोषणा गरी वा सामुहिक प्रमाणीकरण प्रक्रिया अपनाई यथार्थ संकेत पत्र राखी विक्री वितरण गर्न सक्नेछ।

(९) कृषि उत्पादनको उत्पतिको प्रमाण पत्र जारी गर्ने सम्वन्धमा आन्तरिक बजारमा बिक्री प्रयोजनको लागि स्थानीय तहले र निर्यात प्रयोजनको लागि प्रदेश मन्त्रालय अन्तरगत जिल्लामा कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्र हेर्ने कार्यालयको सिफारिसमा उपदफा (४) बमोजिम तोकिएको कार्यालयले उत्पत्तिको प्रमाणपत्र जारी गर्नेछ।

४०. **कृषि व्यवसाय निरीक्षक सम्बन्धी व्यवस्था:** (१) यस ऐनको प्रयोजनको लागि विषय वस्तुसँग सम्बन्धित कार्य गर्न तत् तत् व्यवसायका लागि तोकिएको निकायको सिफारिसमा मन्त्रालयले कृषि व्यवसाय निरीक्षक तोक्नेछ।

(२) उपदफा (१) बमोजिमको कृषि व्यवसाय निरीक्षक तोक्दा सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत कृषि सेवाका स्नातक तह उत्तीर्ण अधिकृत स्तरका कर्मचारीमध्येबाट तोक्नु पर्नेछ । तोकिएको मापदण्ड पूरा गरेका व्यवसायीहरुलाई समेत व्यवसाय निरीक्षक तोक्न सकिने छ ।

४१. **कृषि व्यवसाय निरीक्षकको काम, कर्तव्य र अधिकारः** कृषि व्यवसाय निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्वन्धित व्यवसायको स्वीकृत मापदण्ड कार्यान्वयन गराउने,

(ख) मापदण्ड कार्यान्वयनको लागी व्यवसायीहरुको क्षमता विकास गर्न सम्वन्धित निकायलाई सिफारिस गर्ने,

(ग) आवश्यकता अनुसार अनुसन्धान प्रयोजन र गुणस्तर यकिन गर्न उत्पादन, वस्तु र पदार्थको स्वीकृत मापदण्ड अनुसार नमुना सङ्कलन गर्ने,

(घ) सम्बन्धीत उत्पादन व्यवसाय र सेवाको मापदण्ड कार्यान्वयनका सम्बन्धमा अनुगमन गरी दफा ३९ को उपदफा (२) बमोजिम तोकिएको निकायमा प्रतिवेदन पेश गर्ने,

(ङ) व्यवसायीले मापदण्ड विपरित कार्य गरेमा यस ऐनको दफा ४७ बमोजिम कारवाही गर्ने र दफा ४८ बमोजिम मुद्दाको तहकिकात गर्ने,

(च) यस ऐन बमोजिम उत्पादन, प्रशोधन, विक्री वितरण, आयात, निर्यात वा आपूर्ति नभएको पाइएमा आवश्यक कारवाहीका लागि मापदण्ड कार्यान्वयन गर्न सम्वन्धित कार्यालयमा सिफारिस गर्ने,

(छ) प्राप्त हुन आएका उजुरीउपर अनुसन्धान गरी कारवाही वा व्यवसाय खारेजीको लागि सिफारिस गर्ने ।

## परिच्छेद -११

## अनुदान, सेवा, सुविधा तथा सहुलियत सम्बन्धी व्यवस्था

४२. **अनुदान, सेवा, सुविधा तथा सहुलियत प्रदान गर्न सकिनेः** (१) सङ्घ, प्रदेश र स्थानीय तहले राष्ट्रिय प्राथमिकता, आवश्यकता र खाद्य सुरक्षाको प्रवर्द्धन र कृषि व्यवसायको संरक्षण गर्न किसान र कृषि व्यवसायीलाई दफा ४३ बमोजिमको समितिको सिफारिसको आधारमा निश्चित अवधिको लागि अनुदान, सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्ने छन ।

(२) सङ्घ, प्रदेश र स्थानीय तहले कृषि उद्योगको लागि आवश्यक कृषिजन्य कच्चा पदार्थको उत्पादन, आपूर्ति र गुणस्तर सुनिश्चित गर्न निश्चित अवधिको लागि सेवा, सुविधा, सहुलियत र अनुदान प्रदान गर्न सक्ने छन् ।

(३) स्रोत केन्द्र संचालक कार्यालयले श्रोत केन्द्रको स्थापना तथा मापदण्ड अनुसरणको लागि आपूर्ति र गुणस्तर सुनिश्चित गर्न निश्चित अवधिको लागि तोकिए अनुसारको सेवा, सुविधा, अनुदान, सहुलियत प्रदान गर्न सक्ने छन ।

(४) प्रतिफल मापन गर्न सकिने कृषि उत्पादनको हकमा प्रतिफलमा आधारित नगद अनुदान प्रवाह गर्न सकिनेछ ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संघ वा प्रदेश वा स्थानीय तहबाट अलग-अलग वा संयुक्तरुपमा किसानको खातामा प्रदान गरिने अनुदान, सहुलियतको हकमा र नीजि व्यवसायीलाई प्रदान गरिने लागत मूल्यको पचास प्रतिशतभन्दा कमको लागत साझेदारीको हकमा सार्वजनिक खरिद ऐनका प्रावधान लागू हुने छैनन्।

(६) मन्त्रालयले विषयवस्तुसँग सम्बन्धित निकायको सिफारिसको आधारमा कृषि व्यवसायीलाई प्रदान गरिने अनुदानको प्रयोजनको लागि स्वीकृत मापदण्ड अनुसारको सन्दर्भ मूल्य तोक्न सक्नेछ र सोही आधारमा अनुदानको प्रतिशत निर्धारण गर्न सकिनेछ।

(७) उपदफा (१) बमोजिम सेवा, सुविधा, अनुदान वा सहुलियत प्रदान गर्दा लक्षित वर्गलाई प्राथमिकता दिन सकिनेछ।

(८) एकै कृषि उद्योग, व्यवसाय, सहकारी, किसान समूह, किसान, कम्पनी, खेतीमा एकै प्रयोजनको लागि एक तहको सरकारबाट मात्र अनुदान लिन पाईनेछ ।दोहोरो अनुदान लिएमा वा दिएमा सार्वजनिक रकमको दुरुपयोग गरेको मानिनेछ ।

४३. **सिफारिस समितिको गठनः** (१) यस ऐन बमोजिम प्रदान गरिने अनुदान, सेवा, सुविधा तथा सहुलियत सम्बन्धी मापदण्ड निर्धारण गरि निर्देशक समिति समक्ष पेश गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछः

(क) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय — अध्यक्ष

(ख) सहसचिव, राष्ट्रिय योजना आयोगको कृषि क्षेत्र हेर्ने — सदस्य

(ग) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघको कृषितर्फ जिम्मेवारी भएको सदस्य — सदस्य

(घ) सहसचिव, अर्थ मन्त्रालय — सदस्य

(ङ) महानिर्देशक, कृषि बिभाग — सदस्य

(च) महानिर्देशक, पशुसेवा बिभाग — सदस्य

(छ) मन्त्रालयले तोकेका कम्तिमा एक जना महिला सहित कृषक प्रतिनिधि दुई जना — सदस्य

(ज) सहसचिव, कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय —सदस्य सचिव

(२) समितिले आवश्यकतानुसार कृषि क्षेत्रका सम्बन्धित निकाय वा विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिले आवश्यकता अनुसार विषयक्षेत्रगत प्राविधिक उप समिति गठन गरी कार्य जिम्मेवारी तोक्न सक्नेछ।

४४. **सिफारिस समितिको काम, कर्तव्य र अधिकारः** (१) सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अनुदान, सेवा, सुविधा तथा सहुलियतको लागि लक्षित समूह वा कृषि व्यवसायीको पहिचान गरी निर्देशक समितिलाई सिफारिस गर्ने,

(ख) कृषि व्यवसायीलाई सःशुल्क र निःशुल्क रुपमा प्रदान गरिने सेवाको आधार र मापदण्ड निर्धारण गरि निर्देशक समितिमा सिफारिस गर्ने,

(ग) कृषि व्यवसायीलाई दिईने अनुदान, सेवा, सुविधा तथा सहुलियतको मापदण्ड र आधारहरु निर्धारण गरी निर्देशक समितिलाई सिफारिस गर्ने,

(घ) अनुदान, सेवा, सुविधा तथा सहुलियतको मात्रा तथा लक्षित समूहको आधार र मापदण्ड तयार गरि निर्देशक समितिलाई सिफारिस गर्ने,

(ङ) अनुदान, सेवा, सुविधा तथा सहुलियतबाट प्राप्त हुने प्रतिफलको आंकलन गरी सहुलियतको दर निर्धारणको लागि निर्देशक समितिलाई सिफारिस गर्ने,

(च) सङ्घ, प्रदेश र स्थानीय तहबाट प्रदान हुने अनुदान सेवा, सुविधा, तथा सहुलियतमा दोहोरोपना हुन नदिने उपायहरुको पहिचान गरि निर्देशक समितिलाई सिफारिस गर्ने,

(छ) निर्देशक समितिले तोके बमोजिमका अन्य कार्य गर्ने ।

(२) उपदफा (१) बमोजिमको समितिको सचिवालयको रुपमा विषय क्षेत्रको आधारमा कृषि विभाग र पशुसेवा विभागले काम गर्नेछ।

(३) सङ्घ, प्रदेश र स्थानीय तहबाट प्रवाह भएको अनुदान, सेवा, सुविधा तथा सहुलियतको प्रभावकारिताको सम्बन्धमा उपदफा (२) बमोजिमको सचिवालयबाट प्राप्त प्रतिवेदन विश्लेषण गरि सिफारिस सहितको वार्षिक प्रतिवेदन निर्देशक समितिमा पेश गर्नु पर्नेछ ।

(४) प्रदेश र स्थानीय तहले आफूले प्रदान गरेको अनुदान, सेवा, सुविधा तथा सहुलियत सम्वन्धि बार्षिक प्रतिवेदन उपदफा (२) बमोजिमको सचिवालयलाई आर्थिक बर्ष समाप्त भएको दुई महिनाभित्र उपलब्ध गराउनु पर्नेछ।

४५. **अनुदान, सेवा, सुविधा तथा सहुलियत लिन वा दिन नहुनेः** (१) कुनै पनि कृषि ब्यवसायीले एउटै प्रयोजनका लागि संघ, प्रदेश र स्थानीय तहबाट दिइने कुनैपनि अनुदान, सेवा, सुविधा

तथा सहुलियत दोहोरो पर्ने गरी लिनु दिनु तथा झुठ्ठा विवरण पेश गरी अनुदान, सुविधा तथा सहुलियत लिनु हुदैन ।

(२) यस ऐन बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहबाट प्रदान गरिने अनुदान, सेवा, सुविधा तथा सहुलियत दोहोरोपना नहुने गरी प्रवाह गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम भए गरेकोमा सरकारी रकमको दुरुपयोग ठहरिने छ ।

४६. **दोहोरो कर लगाउन नपाउने:** कृषि उपज वस्तु र पदार्थको ढुवानीमा दोहोरो पर्ने गरी सङ्घ, प्रदेश र स्थनीय तहबाट कर लगाइने छैन।

## परिच्छेद -१२

## कसूर तथा सजाय सम्बन्धी व्यवस्था

४७. **कसूर गरेको मानिने:** देहाय बमोजिमको कार्य गरेमा कसुर गरेको मानिने छः-

(क) दफा ६ को उपदफा (१), (२) र (३) प्रतिकूल कार्य गरेमा ।

(ख) दफा ७ को उपदफा (२) बमोजिम कुनै पनि कृषि व्यवसायीलाई प्रचलित कानूनले निषेध गरेकोमा बाहेक व्यवसाय गर्नबाट वञ्चित गरेमा, हानि नोक्सानी पुऱ्याएको प्रमाणित भएमा दफा ८ को उपदफा (१) बमोजिम दर्ता नगरी वा उपदफा (२) बमोजिम प्राविधिक सिफारिस नलिई वा उपदफा (३) र (४) बमोजिम सूचीकृत नगरी कृषि व्यवसाय संचालन गरेमा । दफा १२ को उपदफा दफा (१) बमोजिम अनुमति नलिई स्रोतकेन्द्र संचालन गरेको पाईएमा ।

(ग) दफा १२ को उपदफा (१) बमोजिम अनुमति नलिई संचालन गरेको स्रोत केन्द्रबाट स्वीकृत मापदण्ड भन्दा कमसल गुणस्तरका श्रोत सामग्री उत्पादन गरि बिक्री वितरण वा सेवा प्रवाह गरेका कारण सेवाग्राहीलाई हानि नोक्सानी भएको प्रमाणित भएमा ।

(घ) दफा १२ को उपदफा (४) बमोजिम स्थापित स्रोत केन्द्रले स्वीकृत मापदण्ड भन्दा कमसल गुणस्तरका स्रोत सामग्री वा सेवा विक्री वितरण गरेका कारण सेवाग्राहीलाई नोक्सान भएको प्रमाणित भएमा ।

(ङ) दफा १२ को उपदफा (७) बमोजिम कुनै पनि व्यक्ति, संस्था, कृषि व्यवसायी वा सरकारी निकायले अनुमति प्राप्त नगरेको अनधिकृत स्रोत केन्द्रबाट उत्पादित स्रोत सामग्री वा सेवा खरिद तथा विक्री, वितरण गरेमा ।

(च) दफा १२ बमोजिमको स्रोत केन्द्रबाट स्वीकृत मापदण्ड प्रतिकूल उत्पादन गरेमा ।

(छ) दफा १३ को उपदफा (१) बमोजिमको अनुमति नलिई प्रयोगशाला स्थापना र सञ्चालन गरेको पाईएमा ।

(ज) दफा १३ को उपदफा (१) बमोजिम अनुमति लिई वा नलिई सञ्चालन गरेको प्रयोगशालाबाट स्वीकृत मापदण्ड भन्दा कमसल गुणस्तरको सेवा प्रवाह गरेका कारण सेवाग्राहीलाई हानि नोक्सानी भएको प्रमाणित भएमा ।

(झ) यस ऐन बमोजिम स्वीकृत मापदण्ड प्रतिकुल हुने गरि कृषि उपज, सेवा र वस्तु उत्पादन तथा बिक्री वितरण गरेमा ।

(ञ) दफा १८ को उपदफा (६) बमोजिम कृषि उत्पादनका थोक विक्रेता वा सङ्कलनकर्ताले पोष्टहार्भेष्ट क्षति सहित कुल लागतमा बीस प्रतिशत भन्दा बढी नाफा लिई विक्री गरेको प्रमाणित भएमा ।

(ट) दफा १९ को उपदफा (२) बमोजिम अनुमति नलिई कृषि बजार सञ्चालन गरेमा ।

(ठ) कृषि बजार सञ्चालन गर्न अनुमति प्रदान गर्ने निकायले बजार स्थलमा स्वीकृत मापदण्ड प्रतिकूल ब्यवसाय सञ्चालन गरेमा ।

(ड) दफा ३१ उपदफा (७), (९) र (१०) बमोजिमको आदेश, नियमावली, मापदण्ड, निर्देशिका वा कार्यविधि को पालना नगरी मलसम्बन्धी कार्य वा कारोबार वा व्यवसाय सञ्चालन, वा बिक्री वितरण गरेमा ।

(ढ) दफा ३३ उपदफा (३) बमोजिमको कार्यबाट सेवाग्राहीलाई क्षति भएमा ।

(ण) दफा ३७ बमोजिमको व्यवसायीक कृषि करार कुनै पक्षबाट उल्लंघन भएमा ।

(त) दफा ३९ को उपदफा (१) (२) र (३) बमोजिम उत्पादनमा प्रमाणीकरण नगराई, लोगो, संकेत, छाप प्रयोग नगरी व्यवसायीक कारोवार गरेमा ।

(थ) दफा ४५ को उपदफा (१) बमोजिम कृषि ब्यवसायीले झुठ्ठा विवरण पेश गरी दोहोरो अनुदान लिएमा वा उपदफा (२) बमोजिम दोहोरो अनुदान लिएमा ।

(द) दफा ४७ को उपदफा (१) को खण्ड (घ) बमोजिम पीडित पक्षलाई क्षतिपूर्ति दिनु पर्दा अनधिकृत स्रोत केन्द्रबाट स्रोत सामग्री खरिद गरि विक्री वितरण गर्ने पक्ष समेत समानुपातिक रुपमा क्षतिपूर्तिको भागिदार हुने छन ।

(ध) दफा ५२ बमोजिम कसैले नियतवस कृषि उत्पादन, ढुवानी, बिक्री वितरणमा अवरोध गरेमा ,

(न) दफा ५४ उपदफा (१) विपरित कार्य गरेमा ।

(ऩ) दफा ५४ उपदफा (२) विपरित कार्य गरेमा ।

(प) दफा ६३ को प्रावधान विपरीत कार्य गरेमा ।

४८. **सजायः दफा ४७ बमोजिमको कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछः-**

(क) दफा ४७ को खण्ड (क) बमोजिमको कसुर गरेमा कृषि जैविक विविधता संरक्षण सम्वन्धि कार्य क्षेत्र हेर्ने मन्त्रालय अन्तरगतको निकायको सिफारिसमा मन्त्रालयले कार्यक्रम सञ्चालनमा रोक लगाउन सक्नेछ।

(ख) दफा ४७ को खण्ड (ख) बमोजिमको कसुर गरेमा हानी नोक्सानी पुर्याउने पक्षले विगो बमोजिमको क्षतिपूर्ति ब्यहोर्नु पर्नेछ।

(ग) दफा ४७ को खण्ड (ग) बमोजिमको कसुर गरेमा व्यवसाय निरीक्षकले रु दश हजार जरिवाना गरी व्यवसाय संचालन वा स्रोत केन्द्र सञ्चालनमा रोक लगाउन सक्नेछ ।

(घ) दफा ४७ को खण्ड (घ) बमोजिमको कसुर गरेमा सम्वन्धित स्रोत केन्द्र निरीक्षकले रु दश हजार देखी रु पचासहजारसम्म जरिवाना गरी स्रोत केन्द्र संचालनमा रोक लगाउन सक्नेछ ।

(ङ) दफा ४७ को खण्ड (ङ) बमोजिमको कसुर गरी सेवाग्राहीलाई नोक्सान भएको प्रमाणित भएमा उत्पादन हुनसक्ने परिमाणलाई आधार मानी स्रोत केन्द्र सञ्चालकबाट क्षतिपूर्ति भराईनेछ र पीडित पक्षलाई क्षतिपूर्ति दिनु पर्दा अनधिकृत स्रोत केन्द्रबाट स्रोत सामग्री खरिद गरि विक्री वितरण गर्ने पक्ष समेत समानुपातिक रुपमा क्षतिपूर्तिको भागिदार हुने छन ।

(च) दफा ४७ को खण्ड (च) बमोजिमको कसुर गरेमा दफा १२ को उपदफा (४) बमोजिम स्थापित स्रोत केन्द्रले स्वीकृत मापदण्ड भन्दा कमसल गुणस्तरका स्रोत सामग्री वा सेवा विक्री वितरण गरेका कारण सेवाग्राहीलाई नोक्सान भएको प्रमाणित भएमा स्रोत केन्द्र निरीक्षकले स्रोत केन्द्र सञ्चालकलाई रु पचास हजार जरिवाना र हानी नोक्सानी बराबरको क्षतिपूर्ति पिडितलाई दिलाउने गरि स्रोत केन्द्रको सञ्चालन अनुमति निलम्बन वा खारेजी गर्न अनुमति प्रदान गर्ने निकायमा सिफारिस गर्नु पर्नेछ र स्रोत केन्द्र सञ्चालन अनुमति प्रदान गर्ने निकायले स्रोत केन्द्र निरीक्षकबाट सिफारिस भए अनुसार स्रोत केन्द्र सञ्चालन अनुमति निलम्वन वा खारेजी गर्नेछ।

(छ) दफा १२ को उपदफा (७) बमोजिम कुनै पनि व्यक्ति, संस्था, कृषि व्यवसायी वा सरकारी निकायले अनुमति प्राप्त नगरेको अनधिकृत स्रोत केन्द्रबाट उत्पादित स्रोत सामग्री

वा सेवा खरिद तथा विक्री, वितरण गरेमा स्रोत केन्द्र निरीक्षकले सरकारी निकायको हकमा त्यस्तो कार्यमा संलग्न्न पदाधिकारीलाई कारवाहिको लागि सम्वन्धित निकायमा लेखीपठाउने र अन्यको हकमा कसैलाई हानी नोक्सानी भएको ठहरेमा सो को क्षतिपूर्ति दिलाई रु पचास हजार थप जरिवाना तिराई एक महिना भित्र नियमानुसार अनुमति लिनुपर्ने छ ।

(ज) दफा १२ बमोजिम स्रोत केन्द्रबाट स्वीकृत मापदण्ड प्रतिकूल उत्पादन भएको स्रोत सामग्री निरीक्षकले अभिलेख तयार गरि नष्ट गर्नु पर्ने हकमा तत्काल नष्ट गर्न आदेश दिनु पर्नेछ र नष्ट गर्नु नपर्ने भएमा विक्री वितरणमा रोक लगाउनु पर्नेछ। यसरी नष्ट गरिएको स्रोत सामग्रीको क्षतिपूर्ति दिईने छैन र नष्ट वा भण्डार गर्दा लाग्ने खर्च उक्त स्रोत सामग्री उत्पादनकर्ताले नै ब्यहोर्नु पर्नेछ।

(झ) दफा ४७ को खण्ड (छ) बमोजिमको कसुर गरेमा सम्वन्धित प्रयोगशाला निरीक्षकले प्रयोगशाला सञ्चालकलाई रु पन्ध्र हजार जरिवाना गरी एक महिनाभित्र प्रक्रिया पुर्याई अनुमति लिनुपर्नेछ अन्यथा अनधिकृत प्रयोगशाला सञ्चालनमा तत्काल रोक लगाईनेछ।

(ञ) दफा ४७ को खण्ड (ज) बमोजिम प्रयोगशालाबाट स्वीकृत मापदण्ड भन्दा कमसल गुणस्तरको सेवा प्रवाह गरेका कारण सेवाग्राहीलाई नोक्सान भएको प्रमाणित भएमा प्रयोगशाला सञ्चालकबाट पिडित पक्षलाई विगो बमोजिमको क्षतिपूर्ति भराईनेछ।

(ट) दफा ४७ को खण्ड (झ) बमोजिमको कसुर गरी यस ऐन बमोजिम स्वीकृत मापदण्ड प्रतिकुल हुने गरि कृषि उपज, सेवा र वस्तु उत्पादन तथा बिक्री वितरण गरेमा सम्वन्धित ब्यवसाय निरीक्षकले कसुरमा संलग्न ब्यवसायीलाई रु पच्चिस हजार जरिवाना गर्नेछ।

(ठ) दफा ४७ को खण्ड (ञ) बमोजिमको कसुर गरेमा कृषि बजार निरीक्षकले एक पटकमा रु पच्चिस हजारसम्म जरिवाना गर्नेछ।

(ड) दफा ४७ को खण्ड (ट) बमोजिमको कसुर गरेमा कृषि बजार निरीक्षकले बजार सञ्चालकलाई बजारको स्तर अनुसार रु. एक लाख रुपैंयासम्म जरिवाना गरी एक महिना भित्र नियमानुसार अनुमति लिन लगाउने ।

(ढ) दफा ४७ को खण्ड (ठ) बमोजिमको कसुर गरेमा कृषि बजार निरीक्षकले एक पटकमा रु पचासहजार सम्म जरिवाना गरी कृषि व्यवसाय सन्चालनमा रोक लगाउन सक्नेछ।

(ण) दफा ४७ को खण्ड (ड) बमोजिमको कसुर गरेमा व्यवसायको प्रकृति र कसुरको मात्रा हेरी रु एक लाख देखि पाँच लाख रुपैयाँसम्म जरिवाना वा तीन महिना देखी एक बर्ष सम्म कैद वा दुवै सजाय गरी अनुमति पत्र निलम्बन, अनुमति पत्र खारेजी, गैरकानूनी मल जफत गरि उचित व्यवस्थापन र कारोबार रोक्का गर्न आदेश दिन सकिने छ।

(त) दफा ४७ को खण्ड (ढ) बमोजिमको कसुर गरेमा क्षति बराबरको रकम आयातकर्ताले क्षतिपुर्ति स्वरुप ब्यहोर्नु पर्नेछ।

(थ) दफा ४७ को खण्ड (ण) बमोजिमको कसुर गरेमा मर्का पर्ने पक्षले करार उल्लंघनबाट भएको वास्तविक हानि नोक्सानी वा करार गर्दाको अवस्थामा निर्धारण गरेको हानि नोक्सानी त्यसरी करार उल्लंघन गर्ने पक्षबाट भराई लिन पाउनेछ ।

(द) दफा ४७ को खण्ड (त) बमोजिमको कसुर गरेमा व्यवसाय निरीक्षकले रु पच्चिस हजार रुपैयाँसम्म जरिवाना गर्नेछ।

(ध) दफा ४७ को खण्ड (थ) बमोजिमको कसुर गरेमा सम्वन्धित कार्यालयले सरकारी बाँकी सरह असुलउपर गर्नु पर्नेछ र यसरी दोहोरो अनुदान लिनेलाई सरकारी अनुदान, सेवा, सुविधा तथा सहुलियत मा पाँच वर्षसम्मको लागि रोक लगाईनेछ ।

(न) दफा ४७ को खण्ड (द) बमोजिमको कसुर गरेमा अनाअधिकृत स्रोत केन्द्रबाट स्रोत सामाग्री खरिद गरि विक्री वितरण गर्ने पक्ष समेत समानुपातिक रुपमा क्षतिपूर्तिको भागिदार हुनेछन ।

(ऩ) दफा ४७ को खण्ड (ध) बमोजिमको कसुर गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो कसुरमा संलग्न पक्षलाई कसुरको मात्रा हेरि एक पटकमा रु पचासहजार सम्म जरिवाना गर्नेछ र यस्तो अवरोधबाट उत्पन्न क्षतिको क्षतिपूर्ति कसुर गर्ने पक्षले व्यहोर्नु पर्नेछ।

(प) दफा ४७ को खण्ड (न) विपरितको कार्य गरेमा मन्त्रालयले त्यस्तो कार्यक्रम संचालनमा रोक लगाउने छ।

(फ) दफा ४७ को खण्ड (प) विपरितको कार्य गरेमा प्रदेशको जिल्ला स्थित विषय वस्तुसँग सम्बन्धित कार्यालयले त्यस्तो कार्य गर्न रोक लगाउने छ।

(ब) दफा ४७ को खण्ड (फ) विपरीत कार्य गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो कसुरमा संलग्न पक्षलाई कसुरको मात्रा हेरी एक पटकमा रु दश हजार सम्म जरिवाना गर्नेछ ।

**४९. मुद्दाको अनुसन्धान र तहकिकातः**

(१) यस ऐन अन्तर्गतका मुद्दाको प्रारम्भिक अनुसन्धान र तहकिकात गर्ने अधिकार ऐनको दफा ४० बमोजिमको कृषि व्यवसाय निरीक्षकलाई हुनेछ ।

(२) अनुसन्धान अधिकारीको प्रतिवेदनको आधारमा प्रमाणिकरण कार्यालय वा मापदण्ड कार्यान्वयनको लागि तोकिएको कृषि विभाग र पशुसेवा विभाग मातहतको बाली बस्तु तथा पशुपन्छी संग सम्वन्धित विषयगत केन्द्रीय निकाय/कार्यालयको प्रमुखले मुद्दाको शुरु कारवाही र किनारा गर्नेछ।

**५०. पुनरावेदन सम्बन्धी व्यवस्थाः**

ऐनको दफा ४७ बमोजिम भएको निर्णय उपर चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**५१. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः**

यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले यस ऐन विपरीत गरेको कुनै कार्य अन्य प्रचलित कानून बमोजिम समेत कसुर कायम हुने भएमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन कुनै बाधा पर्ने छैन ।

## परिच्छेद -१३

## विविध

**५२. कृषि उत्पादनको ओसार पसारमा अवरोध गर्न नहुनेः**

(१) कसैले पनि कृषि उत्पादन, सोको ढुवानी र बिक्री वितरणमा अवरोध गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशवाट आयात भएका वा स्वदेशमा उत्पादित कृषि उत्पादन वा स्रोत सामग्री ओसारपसारमा संघ, प्रदेश र स्थनीय तहले आन्तरिक क्वारेन्टाइन सम्वन्धी मापदण्ड वनाइ नियन्त्रण गर्न सक्नेछ।

(३) नेपाल सरकारले ताजा तथा नासवान कृषि उत्पादन ढुवानी गर्ने साधनहरुको अलग पहिचान हुने गरि सवारी दर्ता र नम्बरको व्यवस्था गर्नेछ।

(४) कृषि उत्पादन सामग्री र कृषि उत्पादन, ढुवानी, बिक्री वितरण लगायत कृषि व्यवसाय प्रवर्द्धन तथा नियमन गर्न नेपाल सरकारले आवश्यक आदेश जारी गर्न सक्नेछ ।

**५३. समन्वय तथा सहकार्य गर्नुपर्नेः**

(१) सङ्घ, प्रदेश र स्थानीय तहले कृषि उत्पादन तथा व्यवसाय प्रवर्द्धनको लागि कृषि प्रसार सेवा, कृषि अनुसन्धान, कृषि शिक्षा, विकास साझेदार, सहकारी र निजी क्षेत्र समेत सहभागी भएको कृषि क्षेत्र योजना तर्जुमा, समन्वय, अनुगमन र संयुक्त समीक्षा ढाँचा तयार पारी लागू गर्नेछ।

(२) प्रदेश तथा स्थानीय तहले स्वीकृत मापदण्ड बमोजिम कृषि प्रसार सेवा प्रदान गर्न उत्पादक किसान समूह, कृषि सहकारी, वस्तुगत संघ संस्थाहरु तथा निजी फर्मलाई परिचालन गर्ने छन्।

(३) स्थानीय तहले वडास्तरमा आफैं वा सहकारी, समुदायिक वा निजी क्षेत्रसँगको साझेदारीमा कृषि प्रसार सेवा केन्द्र स्थापना गर्न सक्नेछ र सो सम्वन्धि अन्य व्यवस्था प्रदेश र स्थानीय तहको कानुन बमोजिम हुनेछ।

(४) प्रदेश तथा स्थानीय तहले नीजि क्षेत्र र कृषि अनुसन्धान केन्द्रको समन्वयमा कृषि प्रविधि परीक्षण तथा सिकाई केन्द्र स्थापना गर्न सक्ने छन।

(५) उपदफा (१) बमोजिमको कार्यको लागि कृषि क्षेत्रको योजना तर्जुमा, अनुगमन, संयुक्त समीक्षा तथा समन्वयको संरचना र प्रक्रिया मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(६) मन्त्रालय वा सम्वन्धित विभागले प्रदेश सरकार मातहतको निकाय र स्थानीय तहलाई र प्रदेश स्थित कृषि क्षेत्र हेर्ने मन्त्रालयले स्थानीय तहलाई कृषि क्षेत्रका प्राविधिक विषयमा निर्देशन दिन सक्नेछ र यस्तो निर्देशनको पालना गर्नु गराउनु सम्वन्धित निकायको कर्तब्य हुनेछ ।

(७) मन्त्रालय वा सम्वन्धित विभागले मागेको सूचना, तथ्यांक र प्रतिवेदन प्रदेश र स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ र प्रदेश र स्थनीय तहले माग गरेको सूचना तथ्याङ्क सम्वन्धित संघीय कार्यालयले उपलब्ध गराउनु पर्ने छ।

(८) संघ, प्रदेश र स्थानीय तह बिचमा कृषि सम्बद्ध सूचना, तथ्यांक संकलन, अभिलेखिकरण, संरक्षण र प्रवाहगर्ने कार्यलाई व्यवस्थित र वैज्ञानिक बनाउन मन्त्रालयले विद्युतीय कृषि सुचना प्रविधि प्रणाली स्थापना गर्ने छ र उक्त विद्युतीय कृषि सुचना प्रविधि प्रणालीमा नियमितरुपमा सूचना, तथ्यांक प्रविष्ट गर्नु संघ, प्रदेश र स्थानीय तहको कर्तव्य हुने छ ।

(९) सम्वन्धित विषयमा  नेपाल सरकार वा मन्त्रालय वा सम्वन्धित विभागले तयार गरेको प्राविधिक मापदण्ड प्रदेश सरकार र स्थनीय तहले कार्यान्वयन गर्नु पर्नेछ।

(१०) सिंचाइ विकास, बिस्तार र व्यवस्थापन कार्यक्रमलाई कृषि विकास कार्यक्रमसँग आवद्ध गर्न आयोजनाको पहिचान र छनौट देखि कार्यान्वयन, अनुगमन र मूल्याङ्कन समेत संघीय तहमा सिंचाइ सम्बन्धी विषय हेर्ने मन्त्रालय/विभाग र कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय/विभाग तथा मातहतका सम्बन्धीत कार्यालय बीच निकटस्थ कार्यगत एकता र सामन्जस्य कायम गर्नु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिमको कार्यगत एकता र सामन्जस्य कायम गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५४. **कृषि कार्यक्रम सञ्चालन गर्न सिफारिस र अनुमति लिनुपर्नेः** (१) अन्तराष्ट्रिय संघ संस्था (अन्तरराष्ट्रिय गैर सरकारी संस्था सहित) र विदेशी कम्पनीले नेपालमा कृषि सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपूर्व मन्त्रालयबाट प्राविधिक सिफारिस लिनु पर्नेछ।

(२) कुनै क्षेत्रमा कृषि जैविक स्रोत सामाग्री (बीउ, बिरुवा, नश्ल, भूरा) विक्री, वितरण गर्नुपूर्व सो को प्राविधिक उपयुक्तता र जैविक सुरक्षा सुनिश्चित गर्न प्रदेशको जिल्लास्थित सम्बन्धित कार्यालयबाट अनुमति लिनु पर्नेछ।

५५. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** मन्त्रालय वा सम्बन्धित विभागले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली वा आदेश बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार नेपाल सरकारको कुनै निकाय वा अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

५६. **सूचना प्रविधि प्रणाली स्थापना गर्नु पर्नेः** (१) कृषि व्यवसायको प्रवर्द्धन तथा व्यावसायिकरणको लागि मन्त्रालयले सूचना प्रविधिमैत्री प्रणालीको स्थापना तथा सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले स्थापना गरेको सूचना प्रविधि प्रणालीमा प्रदेश सरकार तथा स्थानीय तह आवद्ध भई सूचना, तथ्याङ्क प्रविष्ट एवं आदान प्रदान गर्ने छन ।

५७. **कृषि विपद् महामारी व्यवस्थापन तथा राहत कोषको स्थापना र सञ्चालनः** (१) कृषि क्षेत्रमा आईपर्ने प्राकृतिक वा गैर प्राकृतिक विपद्, प्रकोप, महामारी वा त्यस्तै प्रकृतिको किसानको कावू वाहिरको परिस्थिति सिर्जना भएको र कृषि तथा पशुपन्छी वीमाले समेट्न नसकेको अवस्थामा आवश्यक राहत उपलब्ध गराउन तथा किसान र कृषि व्यवसायलाई संरक्षण गर्न प्रदेश तथा स्थानीय तहले कृषि विपद तथा राहत कोष स्थापना गर्न सक्ने छन्।

**५८. कृषिमा क्षेत्रमा आइपर्ने महामारी नियन्त्रण सम्वन्धि व्यवस्था:** (१) मन्त्रालयले कृषि क्षेत्रमा देखापर्ने महामारी र महामारीजन्य रोग, किरा वा शुक्ष्म जीवाणु आतङ्क नियन्त्रण गर्न प्रदेश सरकार र स्थानीय तहलाई समेत लागू हुने गरी आवश्यक निर्देशिका जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका आवश्यकता अनुसार कुनै भौगोलिक क्षेत्र वा कृषि उत्पादन लक्षित समेत हुन सक्नेछ।

**५९. कृषिको उत्पादन तथा व्यवसायको संरक्षणः** संघ, प्रदेश, स्थानीय तहले कुनै खास व्यवसाय, स्थान र अवधिको लागि विशेष परिस्थिति भनी घोषणा गरेको अवस्थामा तोकिए बमोजिम कृषि उत्पादन तथा व्यवसायलाई संरक्षण गर्न सक्ने छन।

**६०. कृषि उत्पादनको लागि साझेदारी सम्वन्धि ब्यवस्था:** (१) महानगरपालिका वा उपमहानगरपालिकाले नगरभित्रका उपभोक्तालाई ताजा र स्वच्छ कृषि उत्पादन आपूर्ति गर्न अन्य नगरपालिका र गाउपालिकासँग साझेदारी गर्न सक्ने छन्।

(२) संघ र प्रदेशले उपदफा (१) बमोजिम साझेदारी गरेका नगरपालिका गाउँपालिकामा तोकिएको कृषि उत्पादन प्रवर्धन गर्न सङ्घ र प्रदेशले समेत लगानी गर्ने छन।

(३) उपदफा (१) बमोजिम साझेदारी गरेका नगरपालिका वा गाउँपालिकाको कृषि उत्पादन र बजारीकरणमा नगरपालिका वा गाउँपालिकाले प्रार्थमिकता दिनेछन।

**६१. कृषि उत्पादन आयात निर्यात सम्बन्धी व्यवस्थाः** (१) कृषि उत्पादनको निर्यात प्रवर्द्धन गर्न कृषि व्यवसायीलाई सङ्घ, प्रदेश र स्थानीय तहबाट दोहोरो नपर्ने गरी अनुदान, सहुलियत दिन सकिनेछ।

(२) राष्ट्रिय आवश्यकता, औचित्यता र प्राथमिकताको आधारमा तोकिएका कृषि उत्पादनलाई मन्त्रालयको सिफारिसको आधारमा नेपाल सरकारले निश्चित अवधि तोकेर आयातमा कर लगाउन सक्ने छ।

(३) नेपाल सरकारले जैविक सुरक्षासँग प्रत्यक्ष सरोकार राख्ने क्वारेन्टाइन सेवा र प्रयोगशाला सेवालाई अतिआवश्यक सेवाको सूचीमा राख्नेछ।

**६२. ढुवानीका साधन जाँच गर्दा प्राथमिकता दिनु पर्नेः** सुरक्षा प्रयोजनका लागि ढुवानीका साधन चेक जाँच गर्दा नाशवान प्रकृतिका कृषि उत्पादन र कृषि सामग्रीको ढुवानी गर्ने सवारी साधनलाई प्राथमिकता दिनु पर्नेछ ।

**६३. कृषि उत्पादन नष्ट गर्न नहुनेः** (१) कसैले पनि कृषिजन्य उत्पादन र बजार लाई प्रभाव पार्ने मनसायले कृषि उत्पादन सार्वजनिक स्थानमा फाल्ने, नष्टगर्ने लगायतका कार्य गर्नु, गराउनु हुदैन ।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भए तापनि प्राविधिक अध्ययन, निरीक्षण र परीक्षणबाट गुणस्तरहीन ठहरिएको वा उपभोगको लागि अयोग्य वा जैविक सुरक्षामा नकारात्मक प्रभाव पार्ने वा पार्न सक्ने कृषि उत्पादन र कृषि सामग्री नष्ट गर्न बाधा पर्ने छैन ।

६४. **कार्यालयको स्थापनाः** यस ऐनको कार्यान्वयन गर्न मन्त्रालयको सिफारिसमा नेपाल सरकारले आवश्यक कार्यालयहरु स्थापना वा विस्तार गर्न सक्नेछ ।

६५. **ऐन कार्यान्वयन मापन:** यो ऐन प्रारम्भ भएको पाँच बर्ष पूरा भएको एक बर्षभित्र र त्यस पछिको प्रत्येक पाँच बर्षको एक बर्षभित्र मन्त्रालयले ऐन कार्यान्वनको मापन गर्नेछ र सो को प्रतिवेदन संघीय संसदका दुवै सदनको सम्वन्धित समितिमा पेश गर्नेछ।

६६. **नियम बनाउने अधिकारः** (१) यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले देहायका विषय सहित आवश्यक अन्य विषयमा समेत नियम बनाउन सक्नेछ।

(क) किसान परिचय र कृषि पेशाको संरक्षण (किसानको सूचीकरण, वर्गिकरण परिचय पत्र) सम्वन्धमा,

(ख) कृषि ब्यवसाय प्रबर्धनमा सहयोग (अनुदान, सहुलियत, छुट, सुविधा, विमा दोहोरो अनुदान),

(ग) चक्लावन्दी, सामूहिक र करारमा खेती (कृषक समूह, कृषि सहकारी, फर्म, कम्पनी दर्ता, नवीकरण, सूचीकरण, सञ्चालन, सहुलियत),

(घ) बिउ बैंक तथा जिन बैंक स्थापना, सञ्चालन र उपयोग (भौगोलिक सूचक सुजेनेरिस सम्बन्धी),

(ङ) स्रोत केन्द्र स्थापना, सञ्चालन, सहुलियत र उपयोग,

(च) कृषि अनुसन्धान, प्रविधि विकास र विउ विजनमा लगानी प्रवर्धन,

(छ) साझेदारी कृषि व्यवसाय सम्बन्धी मापदण्ड, सञ्चालन, सहुलियत,

(ज) प्रयोगशाला दर्ता, सञ्चालन, नवीकरण, नियमन तथा सेवाका सर्त र सुविधा,

(झ) कृषि बजार तथा बिशेष कृषि क्षेत्र वा उपज उत्पादन (कृषि व्यवसाय निरीक्षकको योग्यता, नियुक्ति प्रकृया, सेवाका शर्त र सुविधा सम्बन्धी,)

(ञ) कृषि सहकारी (स्थापना, सञ्चालन र सहुलियत),

(ट) मलको उत्पादन, आयात, आपूर्ति, वितरण,

(ठ) बाँझो जग्गाको उपयोग,

(ड) कृषि विपद् ब्यवस्थापन तथा राहत कोष सञ्चालन,

(ढ) कृषि उत्पादन वा सेवाको प्रमाणीकरण सम्बन्धमा,

(ण) कृषि पूर्वाधारहरुको निर्माण, सन्चालन, व्यवस्थापन तथा उपयोग सम्बन्धमा

(त) कृषि कर्जा व्याज अनदान

(थ) रणनीतिक महत्वको कृषि उत्पादन वा सेवा पहिचान,

(द) कृषि क्षेत्रमा वैदेशिक लगानी सम्बन्धमा,

६७. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि मन्त्रालयले नेपाल सरकारले जारि गर्ने भनि तोकेको अवस्थामा बाहेक प्रदेश र स्थानीय तहलाई समेत लागू हुने गरी आवश्यक निर्देशिका, आदेश, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।